माननीय प्रदेश प्रमुख
श्री सोमनाथ अधिकारी 'प्यासी' समक्ष
माननीय मुख्य न्यायाधिवक्ता
श्री चुडामणी आचार्यले
पेश गर्नुभएको
आर्थिक वर्ष २०७६/०७७ को

# वार्षिक प्रतिवेदन

मुख्य न्यायाधिवक्ताको कार्यालय
प्रदेश नं. १, विराटनगर, नेपाल

Scanned with CamScanner

# मुख्य न्यायाधिवक्ताको बार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७६/०७७

प्रकाशित मिति : २०७७ माघ

**सम्पादक मण्डल**

संयोजक : श्री राजेन्द्र भट्टराई

सदस्य : श्री राजकुमार राई

सदस्य : श्री लक्ष्मी घिमिरे पोखरेल

कम्प्यूटर अपरेटर : श्री गंगा खतिवडा

प्रकाशक : मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नं. १, विराटनगर

फोन नं. : ०२१-५७०९०७, ०२१-५७०६२८

मुद्रक : पिण्डेश्वर प्रिन्टर्स, विराटनगर, फोन:९८५२०३२०४२

Scanned with CamScanner



चुडामणि आचार्य

माननीय मुख्य न्यायाधिवक्ता

Scanned with CamScanner

# प्रदेश नं. १

# मुख्य न्यायाधिवक्ताको कार्यालय

## विराटनगर

माननीय प्रदेश प्रमुख ज्यू
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं. १, विराटनगर

विषय : आर्थिक वर्ष २०७६ र ७७ को बार्षिक प्रतिवेदन पेश गरिएको ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ । संविधानत: व्यवस्था गरिएका निकाय/संरचना मध्ये नेपालको संविधानको धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ । मुख्य मन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट नियुक्त हुने, मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र निजले संवैधानिक तथा कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकी दिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुनेछ । मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने भन्ने संवैधानिक प्रावधान बमोजिम प्रदेश नं. १ को प्रदेश सभाबाट "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५" निर्माण भई सकेको छ । उक्त ऐनको दफा १२ को उपदफा (१) मा मुख्य न्यायाधिवक्ताले प्रतिवेदनमा वर्षभरीका संवैधानिक एंव कानूनी विषयमा दिइएको राय सल्लाहको संक्षिप्त विवरण, प्रदेश सरकार पक्ष वा विपक्ष भई दायर भएका निवेदन, मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण भविष्यमा गर्नु पर्ने सुधारको विवरण, आफ्नो र मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाहीको वास्तविक स्थिति चित्रण गर्दै आवश्यक सिफारिस र सुझावहरु समेत उल्लेख गर्नु पर्ने व्यवस्था छ।

संघीयता नेपालको सन्दर्भमा नयाँ प्रयोग हो । संघ र स्थानीय तहका लागि पहिले बनेका कानून र व्यवहारलाई समय सापेक्ष रुपमा बनाउँदा पर्याप्त हुने अवस्था छ तर प्रदेशका लागि नयाँ कानून बनाउनु पर्ने बाध्यता छ । तीन तहको सम्बन्ध संविधानत: सहकारीता, सहअस्तित्व र सहकार्य भनी उल्लेख गरिएता पनि व्यवहारमा प्रयोगमा आउन धेरै काम गर्न बाँकी नै छ । संविधानले राज्यशक्तिको बाँडफाँड र राज्यशक्तिको प्रयोग गर्न पाउने भनी निर्दिष्ट गरेका प्रावधानहरुको व्यवहारमा उतार्न आवश्यक भूमिका निर्वाह गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी छ भने संविधानको अनुसूचिहरुमा भएका एकल अधिकार र साझा अधिकार सूचीको प्रयोगका सान्दार्भिकता अझ्झ पेचिलो अवस्थामा छ । लामो समय एकात्मक शासन प्रणालीको अनुशरण गरिएको पृष्ठभूमिमा नयाँ संविधानको मूल भावना, प्रवन्ध र

Scanned with CamScanner

प्रयोगमा संघिय शासन प्रणालीमा प्रयोग गरिने तरिकाहरु फरक रुपमा आँउछन्, स्वभाविक पनि हुन्छ तरपनि मानसिकतामा पूर्ण परिवर्तन गर्न नसकिएको वर्तमान यथार्थतामा सहजताको वावजूद असहजताको स्थिति बेलावखत प्रकट हुन्छ। संरचना निर्माण र परिचालनमा द्वैधता, अधिकार क्षेत्रमा हस्क्षेप जस्ता तितो यथार्थता कहिले काही प्रकट हुन्छ ।

प्रदेशमा कानूनी शासनको प्रत्याभूति गर्न गराउन नेपालको संविधान तथा प्रचलित अन्य कानूनको प्रयोगमा सहजीकरण गर्न, फौजदारी न्याय प्रणालीको प्रभावकारी कार्यान्वयन गर्न महत्वपूर्ण जिम्मेवारी मुख्य न्यायाधिवक्ता र मातहतका कार्यालयहरुमा रहेको छ । कार्यालयबाट सम्पादन गरीने सम्पूर्ण कार्यहरु चुस्तदुरुस्त, पारदर्शी र कानून सम्मत हुन जरुरी हुदाँ मुख्य न्यायाधिवक्ता र सो अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको व्यवसायिक दक्षता, ज्ञान र सीपको विकास गर्न सकिए मात्र मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहतको कार्यालयहरुले स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सक्ने अवस्था हुन्छ । संविधान तथा कानूनले परिकल्पना गरेको, व्यवहारमा लागुहुने प्रक्रियामा रहेको संरचनाबाट तत्काल धेरै काम र परीणामको अपेक्षा गर्न हतार गरे जस्तो हुन्छ तर अहिले पनि संरचनात्मक र संगठनात्मक स्वरुप र अधिकारको स्रोत स्पष्ट र व्यवस्थित भई नसकेको अवस्था छ तथापी संविधान र कानूनको प्रयोग गर्न मुख्य न्यायाधिवक्ताको कार्यालय प्रवेश गरीसकेको अवस्था छ ।

अन्त्यमा कानूनी राज्य, विधिको शासन, मानव अधिकार, स्वतन्त्र न्यायापालिका, कानून र न्यायका मान्य सिद्धान्तप्रति दृढ र अटल आस्था राख्दै प्रदेश सरकारले सम्पादन गर्न महत्वपूर्ण कार्यहरुको कानूनी प्रतिरक्षाका लागि मुख्य न्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयहरु सदैव दृढता पूर्वक क्रियाशील रहने व्यहोरा माननीय प्रदेश प्रमुख समक्ष सादर निवेदन गर्दछु ।

..........................................

**चुडामणि आचार्य**
माननीय मुख्य न्यायाधिवक्ता
मुख्य न्यायाधिवक्ताको कार्यालय
प्रदेश नं. १, विराटनगर

Scanned with CamScanner

# विषय सूची


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| **परिच्छेद - १** | | |
| १: | सामान्य परिचय | १-९ |
| १.१ | परिचय | १ |
| १.२ | मुख्य न्यायाधिवक्ताको कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| १.३ | कार्यालयको स्थापना र व्यवस्थापन | ४ |
| १.४ | संगठनात्मक स्वरुप | ४ |
| १.५ | कार्यालयका शाखाहरु | ५ |
| १.६ | मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रस्तावित संगठानात्मक संरचना | ६ |
| १.७ | कार्यालयमा रहने पदाधिकारी र कर्मचारीको शुरु दरबन्दी | ७ |
| १.८ | मुख्य न्यायाधिवक्ताको कार्यालयमा हाल कार्यरत पदाधिकारी र कर्मचारीको नामावली | ७ |
| १.९ | कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था | ८ |
| १.१० | मुख्य न्यायाधिवक्ताको कार्यालयको बजेट विवरण | ९ |
| **परिच्छेद - २** | | |
| २. | सम्पादित कार्यहरुको विवरण | १०-३८ |
| २.१ | सम्पादित कार्यहरुको संक्षिप्त विवरण | १० |
| २.२ | संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहहरु | १० |
| २.३ | प्रदेश सरकार प्रत्यर्थी भई दायर भएका मुद्धाहरुको विवरण | ११ |
| २.४ | आ. व. २०७६/०७७ को मुद्धाहरुको छोटकरी विवरण | १२ |
| २.५ | संघिय कानूनसंग सम्बन्धीत काम कारवाहीमा प्रदेश सरकार विरुद्ध परेका उजुरी मुद्धाहरु | २३ |
| २.६ | प्रदेश कानून विरुद्ध परेका उजुरी मुद्धाहरु | २९ |
| २.७ | स्थानिय कानून संग सम्बन्धीत काम कारवाहीमा प्रदेश सरकार विरुद्ध परेका उजुरी मुद्धाहरु | ३३ |
| २.८ | आ.व. २०७६/०७७ मा फैसला भएका मुद्धाहरु | ३४ |
| २.९ | प्रदेश सरका पक्ष भई चलेको मुद्धा सम्बन्धी विवरण | ३८ |
| २.१० | मुख्य न्यायाधिवक्ताको कार्यालयवाट सम्पन्न गरिएका अन्य कार्यक्रमहरु | ३८ |
| २.११ | समन्वय | ३८ |
| २.१२ | मुख्य न्यायाधिवक्ताको अन्य भूमिका | ३८ |
| **परिच्छेद-३** | | |
| ३ | निष्कर्ष र सुझावहरु | ३९-४३ |
| ३.१ | मुख्य न्यायाधिवक्ताको कार्यालयका सवल र दुर्वल पक्ष | ३९ |
| ३.२ | निष्कर्ष | ४० |
| ३.३ | सुझाव | ४१ |


Scanned with CamScanner

परिच्छेद-१

# सामान्य परिचय

## १.१ परिचय

संघीय गणतन्त्र नेपालको संविधान २०७२ को धारा १६० मा मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्था रहेको छ । प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने साथै संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकि दिएका अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुने संवैधानिक व्यवस्था छ । प्रदेश सभाबाट मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन पारीत भए पश्चात् प्रदेशको मुख्य न्यायाधिवक्ताको संरचनालाई व्यवस्थित रुप दिन सकिएको हो । प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजले तोकेका अन्य न्यायाधिवक्ताबाट प्रदेश सरकारको प्रतिनिधित्व गरिने, मुख्य न्यायाधिवक्ताले आफ्नो कर्तव्य पालना गर्दा प्रदेश सरकार पक्ष/विपक्ष भई दायर भएका मुद्दा मामिलाका रोहमा प्रदेश सरकार र मातहतका निकायहरूका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने/गराउने, प्रदेशभित्रका हिरासतमा रहेका व्यक्तिलाई संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने अधिकारको समेत व्यवस्था गरिएको छ । प्रदेश सभामा आवश्यकता अनुसार कानूनी प्रश्नहरूमा आफ्नो राय व्यक्त गर्ने र न्यायिक अर्धन्यायिक निकायमा प्रदेश सरकारको तर्फबाट मुद्दा मामिलामा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने जिम्मेवारी समेत मुख्य न्यायाधिवक्तालाई रहेको छ ।

फौजदारी कसूर, सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४: अनुसार प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रोवेशन तथा प्यारोल बोर्ड रहने, जसको नियन्त्रण निर्देशन र सुपरिवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने व्यवस्था गरिएको छ । संघिय प्रोवेशन तथा प्यारोल वोर्डले प्रदेश वोर्डलाई कृयाशिल बनाउने गरी पत्रचार भै सकेको छ । मुख्य न्यायाधिवक्ताले महान्यायाधिवक्ताको कार्यालयसँग आपसी समन्वय गरी आफ्नो भूमिका निर्वाह गरिरहेको अवस्था छ ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक वर्ष आफूले सम्पादन गरेको कामकाजको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्ने र त्यस्तो प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत प्रदेश सभामा पेश हुने व्यवस्था छ । उक्त प्रतिवेदनमा अन्य कुराको अतिरिक्त मुख्य न्यायाधिवक्ताले वर्ष भरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, प्रदेश सरकार पक्ष/विपक्ष भई चलेको मुद्दा सम्बन्धी विवरण, प्रदेश सरकार पक्ष वा विपक्ष भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा



Scanned with CamScanner

गरिनुपर्ने सुधार तथा आफ्नो मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाहीको वास्तविक स्थिति तथा सिफारीस र सुझावहरू समेत उल्लेख गरी आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

१.२ मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार:

नेपालको संविधानको धारा १६० को उपधारा (५) मा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने छ । सोही धाराको उपधारा (६) मा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुरुप १ नं. प्रदेश सभाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ जारी गरी सकेको छ ।

क. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार नेपालको संविधानको धारा १६० र १ नं. प्रदेश सभाले बनाएको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको अन्य शर्त सम्बन्धी ऐन २०७५ अनुसार देहाय बमोजिम रहेको छ ।

(१) प्रदेश सरकार पक्ष र विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधिन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालत वा न्यायिक निकायमा उपस्थित भई प्रतिरक्षा गर्ने गराउने,

(२) प्रदेश सरकार र मातहतका निकायहरूका नाममा अदालतबाट भएका आदेश वा फैसला प्रभावकारी रुपमा कार्यान्वयन गर्न/गराउन प्रदेशको मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने,

(३) प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्य क्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानुन संसोधन गर्न वा बनिरहेको कानून लागु गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष राय सुझाव पेश गर्ने,

(४) प्रदेश सरकारका मन्त्रालय, सचिवालय र सो अन्तर्गतका कार्यालयहरुबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी लिखतहरूको स्तर कायम गर्न प्रदेश कार्यालयहरू बीच आवश्यक समन्वय गर्ने,



Scanned with CamScanner

(५) प्रदेश भित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवाहरू उपर मानवोचित व्यवहार नभएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

६. प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले अनुरोध गरेमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा अन्य न्यायाधिवक्तालाई प्रतिनिधित्व गर्न खटाउन सक्नेछ ।

७. कुनै अदालत वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

८. प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हकहित प्रतिकुल भएको वा संविधान वा प्रचलित कानूनको उलङ्घन वा सार्वजनिक हितविपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैले वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।

९. मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको हकहित सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

१०. मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा सोको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्नेछ ।

११. कुनै गम्भीर वा सार्वजनिक महत्वको वा प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको न्यायाधिवक्ताको अतिरिक्त अन्य न्यायाधिवक्ता वा अन्य कानून व्यवसायी खटाई मुद्दा दायर गर्न, अभियोजन एवं बहस पैरवी गर्न आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न कुनै न्यायाधिवक्तालाई खटाउन सक्नेछ ।

१२. मुख्य न्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकारहरू मध्ये केही अधिकार मातहतका अन्य न्यायाधिवक्तालाई



Scanned with CamScanner

प्रत्यायोजन गर्न सक्नेछ ।


## १.३ कार्यालयको स्थापना र व्यवस्थापन

मुख्य न्यायाधिवक्ताको नियुक्ति भए पश्चात् महान्यायाधिवक्ताको कार्यालयबाट प्रारम्भिक ओ.एन.एम. गरी सो बमोजिम नियुक्त कर्मचारीहरूबाट कार्यालय सञ्चालनमा रहेको छ । मिति २०७५ साल असार २८ गतेदेखि विराटनगर स्थित हुलाक निर्देशनालयको दोस्रो तलामा रहेका ७ वटा कोठाहरू कार्यालयले प्रयोग गर्दै आइरहेको छ । आ. व. २०७५/७६ मा बजेटको परिधिभित्र रहेर कार्यालयलाई अत्यावश्यक सवारी साधन, फर्निचर तथा मेसिनरी उपकरणहरू खरिद गर्ने कार्यहरू सम्पन्न गरिएको छ ।

स्थापनाकालमा महान्यायाधिवक्ताको कार्यालयवाट गरिएको सङ्गठनात्मक सर्भेक्षण बमोजिम कार्यालय स्थापना भएको र हाल प्रदेश सरकारले प्रदेश भित्रका संरचनाहरूको सङ्गठनात्मक सर्भेक्षण गरिरहेको सन्दर्भमा यस मुख्य न्यायाधिवक्ताको कार्यालयको पनि समयानुकुल बनाउने कार्य प्रारम्भ गरेको अवस्था छ ।

## १.४ सङ्गठनात्मक स्वरुप

महान्यायाधिवक्ताको कार्यालय तथा मुख्यमन्त्रीको कार्यालयबाट खटाइएका कर्मचारीहरू र करारमा नियुक्त कर्मचारीहरूबाट सञ्चालनमा रहेको यस मुख्य न्यायाधिवक्ताको कार्यालयको सङ्गठनात्मक संरचना तपशिल बमोजिम रहेको छ ।






Scanned with CamScanner

## १.५ कार्यालयका शाखाहरू :

क) कानुनी राय तथा प्रतिरक्षा शाखा

यस शाखाले संवैधानिक एवम् कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई राय सल्लाह प्रदान गर्ने, प्रदेश सरकार वा प्रदेश सरकार अन्तरगतका कार्यालयलाई विपक्षी बनाएका रिट निवेदन एवम् मुद्दाहरूका सम्बन्धमा प्राप्त लिखित जवाफको ढाँचा र विषय मिले नमिलेको रूजु गरी सम्बन्धित निकायमा दर्ताका लागि पठाउने, त्यस्ता रिट निवेदनमा प्रदेश सरकारका तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने एवम् मुद्दा व्यवस्थापन सम्बन्धी कार्य गर्दछ । मुद्दाका सम्बन्धित पत्रलाई अदालतबाट भएका महत्वपूर्ण आदेशहरू र फैंसलाको जानकारी गराउने र फैसला भएका मुद्दाहरूको लगतकट्टा, मुद्दाको अद्यावधिक विवरण तयार पार्ने लगायतका कार्य गर्दछ ।

ख) प्रशासन तथा अनुगमन मूल्याङ्कन शाखा

कार्यालयको आन्तरिक प्रशासन, दर्ता, चलानी, जिन्सी र पुस्तकालय व्यवस्थापन कार्यको जिम्मेवारी प्रशासन शाखालाई तोकिएको छ । यसका अतिरिक्त कार्यालयको शक्ति व्यवस्थापन गर्ने र मौजुदा जनशक्तिलाई तालिम तथा प्रशिक्षण दिने जिम्मेवारी पनि प्रशासन शाखालाई तोकिएको छ । यस शाखाले कार्यालयको नियमित कार्य सञ्चालन गर्नुका साथै कार्यालय परिसर सरसफाई गर्ने भौतिक संरचनाको रेखदेख गर्ने र आवश्यकता अनुसार मर्मत सम्भार गर्ने समेत गर्दछ ।

ग) आर्थिक प्रशासन शाखा

वार्षिक कार्यक्रम तयार गर्ने, बजेट निकासा गर्ने, बिनियोजित बजेट शीर्षकमा नियमानुसार खर्च लेख्ने, तलब, भत्ता र अन्य स्रोत उपलब्ध गराउन आवश्यक कागजात तयार गरी पेश गर्न, प्रदेश आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रकको कार्यालय (प्र.ले.नि.का) बाट निर्देशन भए बमोजिम खर्च गर्ने र लेखा परिक्षण गराउने लगायतका जिम्मेवारी आर्थिक प्रशासन शाखालाई तोकिएको छ ।


घ) मुख्य न्यायाधिवक्ताको सचिवालय

मुख्य न्यायाधिवक्ता समक्ष पेश हुने फायल कागजातहरू निकासाका लागि पेश गर्ने र भएका आदेश कार्यान्वयनका लागि पठाउने, भेटघाट र फोन सम्पर्क व्यवस्थापन गर्ने लगायतका जिम्मेवारी सचिवालयलाई तोकिएको छ ।



Scanned with CamScanner

### १.६ मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रस्तावित सङ्गठन संरचना






Scanned with CamScanner

## १.७ कार्यालयमा रहने पदाधिकारी र कर्मचारीहरुको शुरु दरवन्दी

तालिका नं. १

मुख्य न्यायाधिवक्ताको कार्यालयको शुरु दरबन्दी विवरण

| क्र.स. | पद | श्रेणी | सेवा | समुह/उपसमुह | कुल दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मुख्य न्यायाधिवक्ता | | | | १ | |
| २. | उप-न्यायाधिवक्ता | रा.प. द्वितिय | न्याय | सरकारी वकिल | १ | |
| ३. | शाखा अधिकृत | रा.प. तृतिय | न्याय | सरकारी वकिल | ३ | |
| ४. | नायव सुब्बा | रा.प्र.अ.प्र. | प्रशाासन | सा.प्र. | २ | |
| ५. | लेखापाल | रा.प्र.अ.प्र. | प्रशासन | लेखा | १ | |
| ६. | क. अपरेटर | स.क.अ.प्रा. | विविध | | १ | |
| ७. | ह.स.च. | श्रेणी विहिन | इन्जि | मे./जे.मे | २ | |
| ८. | का.स. | श्रेणी विहिन | प्रशाासन | सा.प्र. | २ | |
| जम्मा | | | | | १३ | |

तालिका नं. २

## १.८ मुख्य न्यायाधिवक्ताको कार्यालयमा हाल कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको नामावली विवरण।

| क्र.स. | पद | नामथर | सम्पर्क नं. | हाजिर भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुख्य न्यायाधिवक्ता | श्री चुडामणि आचार्य | ९८५२०२०९६० | २०७४/१२ | |
| २ | उप सचिव | श्री राजेन्द्र भट्टराई | ९८५११३३९१७ | २०७५।१२।११ | |
| ३ | शाखा अधिकृत | श्री रेणुका राई | ९८४२१७०८४६ | २०७५/४/२८ | |
| ४ | शाखा अधिकृत | श्री रेवती सुवेदी | ९८४३०६०५६८ | २०७५।१२।०३ | |
| ५ | अ. छैटौं (प्रशासन) | श्री राजकुमार राई | ९८४२०७७०२५ | २०७६।०१।०४ | |
| ६ | अ. छैटौं (लेखा) | श्री लक्ष्मी घिमिरे पोखरेल | ९८४२१२७२८६ | २०७५।१२।२० | |
| ७ | स्वकीय सचिव | श्री हरि कुमार पोखरेल | ९८५२०२८१५८ | २०७६।८।१६ | |
| ८ | स.क.अ. | श्री गंगा खतिवडा | ९८४२९६८६६० | २०७५।०५।०१ | करार |
| ९ | ह.स.च. | श्री संजिव कु. कटुवाल | ९८६४३९८४९५ | २०७५।०१।०२ | करार |
| १० | ह.स.चा. | श्री गोविन लिम्बु | ९८६०९८२२९४ | २०७६।७।७ | करार |
| ११ | का.स. | श्री चन्द्र दाहाल | ९८६२०३५७२७ | २०७५।०७।१४ | करार |
| १२ | का.स. | श्री सरस्वती राजवंशी | ९८१०४६६५६४ | २०७५।०४।१६ | करार |



Scanned with CamScanner

## १.९ कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था

सङ्गठनको लक्ष्य अनुरुप प्रभावकारी कार्य सम्पादनको लागि कार्यालय भवन, आवास, फर्निचर, कार्यालय सञ्चालन सम्बन्धी सामग्रीहरू लगायतका भौतिक साधन र पूर्वाधारहरूको साथै सुरक्षा संयन्त्रहरू समुचित व्यवस्थापन अपरिहार्य हुन्छ । कार्यालयको भवन निर्माण नभएको र अपर्याप्त भएको कारणले २०७५/३/२८ गते क्षेत्रिय हुलाक कार्यालय रहेको दोस्रो तलामा स्थानान्तरण भई मुख्य न्यायाधिवक्ताको कार्यालय सञ्चालनमा रहेको छ । कार्यालयमा आवश्यक फर्निचर, मेशिनरी औजार, सवारी-साधन खरिद गरी व्यवस्थापन गरिएको छ ।

क) सवारी-साधनको विवरण

| सि.नं. | सवारी-साधन नं. | सवारी साधनको नाम | खरिद मिति | लट नं. | मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | को. १ फ. ५७९ | Safari Storm Vx | २०७५/६/५ | | ६८,४३,००० | |
| २ | ०१-००१ फ ७०५ | Venues Sp | २०७६/८/१ | | ३६,९०,००० | |
| ३ | ०२-००१ व. २९४३ | Honda Deo A3110cc | २०७७/३/१६ | | २,०२,००० | |
| ४ | को.१ व. १८८४ | Honda Cb Shine Motorcycle 125cc | २०७५/६/२९ | | २,०९,९०० | |
| ५ | को. १ व. १८८५ | Honda Deo A3 110cc | २०७५/६/३० | | १,९५,९०० | |
| ६ | ०२-००१ व. २६८२ | Pulsar 150cc | २०७६/८/३ | | २,६२,२०० | |

ख) जिन्सी सामानहरुको विवरण

| सि. नं. | जिन्सी | जिन्सी वर्गिकरण संकेत नं. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | एकाइ | परिणाम | दर | जम्मा मूल्य रु | |
| १ | १ | | अफिस टेबुल | १ | १२ | | ३९०६८५ | |
| २ | २ | | घुम्ने कुर्सी | १ | ११ | | २३१९४२ | |
| ३ | ३ | | टि टेबुल | १ | १३ | | १८२७८० | |
| ४ | ४ | | सोफा | १ | ७ | | ३३५४९७ | |
| ५ | ५ | | कम्प्युटर | १ | ७ | | ५३६९४६ | |
| ६ | ६ | | ल्यापटप | १ | ६ | | ५२६०५४ | |
| ७ | ७ | | प्रिन्टर | १ | ५ | | १३१३०० | |
| ८ | ८ | | प्रोजेक्टर | १ | १ | | ६०५०० | |
| ९ | ९ | | दराज | १ | १२ | | १९२८३९ | |
| १० | १० | | बुककेश | १ | ६ | | १०२९८५ | |
| ११ | ११ | | कम्प्युटर टेबल | १ | ५ | | ४२६०१ | |
| १२ | १२ | | फिक्स चेयर | १ | ९ | | ४०८६६ | |



Scanned with CamScanner

| सि. नं. | जिन्सी | जिन्सी वर्गिकरण संकेत नं. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | एकाइ | परिणाम | दर | जम्मा मूल्य रु | |
| १३ | १३ | | यू.पि.एस. | १ | ६ | | १२३३९८ | |
| १४ | १४ | | ट्याब | १ | १ | | ८६०० | |
| १५ | १५ | | ग्यास सेट | १ | २ | | १०८०५ | |
| १६ | १६ | | कोट स्टेण्ड | १ | ६ | | १६९५० | |
| १७ | १७ | | ब्याट्री | १ | २ | | ६८३४९ | |
| १८ | २१ | | पंखा | १ | ६ | | २२०४५ | |
| १९ | २२ | | साइकल | १ | ६ | | ८५४०० | |
| २० | २३ | | ए.सी. | १ | २ | | १६२५७६ | |
| २१ | २४ | | Stablizer | १ | ३ | | ४१९५१ | |
| २२ | २५ | | फ्रिज | १ | २ | | ७००६० | |
| २३ | २६ | | वाटर डिस्पेन्सर | १ | १ | | १४२३८ | |
| २४ | २७ | | हिटर | १ | ४ | | ११९३२ | |
| २५ | २८ | | भ्याकुम क्लिनर | १ | १ | | ८५४२ | |
| २६ | २९ | | पलंग | १ | २ | | ३९२३८ | |
| २७ | ३० | | क्यामरा | १ | १ | | १२०२३२ | |
| २८ | ३१ | | मेटेस | १ | १ | | १०१७० | |
| २९ | ३२ | | मोबाइल | १ | १ | | ३४८९९ | |
| ३० | ३३ | | फोटोकपी मेशिन | १ | १ | | ९७१८० | |
| ३१ | ३४ | | गाडीको क्यामरा | १ | २ | | २२६०० | |
| ३२ | ३५ | | सि.सि.क्यामरा | १ | १ | | १४६८७७ | |

### १.१० मुख्य न्यायाधिवक्ताको कार्यालयको बजेट विवरण

मुख्य न्यायाधिवक्ताको कार्यालयको लागि आर्थिक वर्ष २०७६/०७७ का लागि विनियोजन गरिएको रकम र खर्च विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तपशील**

| सि.नं. | बजेट उपशिर्षक | बजेट विनियोजन | निकासा | खर्च | खर्च नभएको |
|---|---|---|---|---|---|
| | मुख्य क्रियाकलाप : मुख्य न्यायाधिवक्ता पारिश्रमिक र सुविधा खर्चहरु, मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको पारिश्रमिक र कार्यालय संचालन खर्चहरु । | | | | |
| १ | २६०००११३ (चालु प्रशासनिक खर्च) | २३११७०००/- | १३१६३६५७/- | | ९९५३३४३/- |
| | **कार्यक्रम सञ्चालन गर्दा भएको खर्चहरु** | | | | |
| | २१६०००११४ (पूँजीगत खर्च) | ५०,००,०००/- | ४६०७४१५/- | | ३९२५८५/- |



Scanned with CamScanner

परिच्छेद-२

# सम्पादित कार्यहरूको विवरण

## २.१ सम्पादित कार्यहरूको संक्षिप्त विवरण

१. प्रदेश सरकार पक्ष भएका मुद्दाहरूमा यस मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालत र उच्च अदालतका ईजलासहरूमा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा भईरहेको छ ।

२. प्रदेश कानूनको प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रदेश सरकारको तर्फबाट गरिने कानूनी काम कारवाहीमा एकरुपता कायम गर्नका लागि मोरङ्ग, उदयपुर, इलाम, धनकुटा, तेह्रथुम जिल्लाहरुका नगरपालिका र गाँउ पालिकाका न्यायिक समितिहरु सित छलफल तथा अन्तरक्रिया कार्यक्रम र यस प्रदेश भित्रका मन्त्रालय र कार्यालयका कानून अधिकृतहरु सित प्रतिउत्तर पत्रका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

३. लिखित जवाफ र कानूनी प्रतिरक्षाका लागि आवश्यक दक्षता, सीप विकास सम्बन्धी अभिमुखिकरण समेत यस कार्यालयबाट हुने गरेको छ ।

४. कानून निर्माणका कतिपय सन्दर्भमा प्रदेश सभा र समिति समक्ष उपस्थित भई मूख्य न्यायाधिवक्ताबाट आफ्नो राय व्यक्त गर्ने गरिएको छ ।

५. प्रदेश भित्र मोरङ्ग, धनकुटा, झापा जिल्लाका हिरासत कक्ष र कारागार अनुगमन गरी मानवोचित व्यवहार गर्न र भएका समस्या र समाधान खातिर अवलम्वन गर्न सकिने विषयमा सम्बन्धित पक्षको ध्यानाकर्षण गरिएको छ ।

६. प्रदेश कानूनको निर्माण पश्चात कार्यान्वयनमा देखिएका सवल र दुर्वल पक्षको अध्ययन गर्ने गरीएको छ ।

## २.२ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहहरु

मुख्य न्यायाधिवक्ताको कार्यालयबाट आर्थिक वर्ष २०७६/०७७ मा संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, मुद्दा तथा रिट निवेदनहरूमा वहस, पैरवी, प्रतिरक्षा एवं न्यायिक कार्यको सिलसिलामा सम्पादन गरिएका कार्यहरूको कार्यालयगत एक मुष्ठ लगत र फर्छ्यौटको विवरणलाई निम्न प्रकारले प्रस्तुत गरिएको छ । मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भए देखि यस आर्थिक वर्षमा संवैधानिक तथा कानूनी विषयमा लिखित तथा मौखिक राय माग हुने गरेको छ । राय माग भएकोमा सबै राय माग गर्ने प्रदेश सरकारका निकायहरूलाई कानूनी राय सल्लाह प्रदान गरिएको छ । यस आर्थिक वर्षमा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट संवैधानिक तथा कानूनी विषयमा प्रदान गरिएका राय र रायको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क.सं. | राय माग गर्ने निकाय | मिति | प्रदान गरिएको राय व्यहोरा |
|---|---|---|---|
| १ | उद्योग पर्यटन तथा वातावरण मन्त्रालय | २०७७/०३/३१ | प्राइभेट फर्म रजिष्ट्रेशन सम्बन्धी |



Scanned with CamScanner

## २.३ प्रदेश सरकार प्रत्यर्थी भई दायर भएका मुद्दाहरुको विवरण

आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश सरकार प्रत्यर्थी भई दायर भएका, फछ्र्यौट भएका र हाल चालु रहेको मुद्दाहरूको विवरण यस प्रकार छन् :

| क्र.सं. | विवरण | मुद्दा संख्या | कैफियत |
|---|---|---|---|
| १ | गत सालको अ.ल्या. मुद्दाहरु | २४ | |
| २ | यस वर्ष दर्ता भएका मुद्दाहरु | ४६ | |
| ३ | यस वर्ष फछ्र्यौट भएका मुद्दाहरु | २२ | |
| ४ | यस वर्ष बाँकी रहेका मुद्दाहरु | ४६ | |



Scanned with CamScanner

## २.४ २०७६/०७७ को मुद्दाहरूको छोटकरी विवरण

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| १. | 075-wo-0696 उत्प्रेष्ण परमादेश | | मालपोत कार्यालय झापा समेत | भक्तराज भारती विर्तामोड-५, झापा | सर्वोच्च अदालत | प्रस्तुत हदबन्दी सम्बन्धि मुद्दामा अन्तिम किनारा नलागेसम्म विपक्ष मध्ये गिरी बन्धु टिस्टेट प्रा.लि. ले बिक्री वितरण, सट्टापट्टा वा प्लटिङ्ग वा सो जग्गामा अन्य व्यवसाय सञ्चालन गर्ने कार्य नगर्नु नगराउनु, सो गर्नका लागि कुनै पनि किसिमको सहमति स्विकृती नदिनु नदिलाउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश समेत गरी पाउँ भन्ने माग दावी । |
| २. | 075-wo-0166 उत्प्रेष्ण | | कोशी गाउँपालिका | बलराम यादव | उच्च अदालत | उत्प्रेषण आदेश जारी गरी पाउँ भन्ने बलराम यादवको माग निवेदन । |
| ३. | 075-wo-694 075-wo-695 उत्प्रेष्णयुक्त परमादेश | २०७५/१२/११ | दमक नगरपालिका गौरादह नगरपालिका | इन्द्र बहादुर बस्नेत समेत | सर्वोच्च अदालत | प्रस्तुत विषयमा हाम्रो जग्गा चाइना नेपाल फ्रेण्डसिप इण्डिष्ट्रयल पार्कमा परेको भनी विपक्षीहरूले प्रकाशन गरेको मिति २०७५/८/१८ गतेको सूचना कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने माग निवेदन । |
| ४. | 075-wo-0052 निषेधाज्ञा, उत्प्रेषण समेत | २०७५/१२/२९ | भौतिक पूर्वाधार विकास मन्त्रालय | सकुल श्रेष्ठ | इलाम इजलास | हाम्रो स्व.बुवाको नाममा रहेको जग्गामा गैरकानुनी ढंगले हामीहरूलाई कुनै जानकारी बिना मोटरेवल पुल जिप निर्माण गर्न लागेकोले उक्त गैर कानुनी कार्य नगर्नु नगराउनु भनी विपक्षीको नाममा निषेधाज्ञाको आदेश जारी गरी पाउँ भन्ने माग निवेदन । |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| ५. | 075-wo-939 उत्प्रेषण परमादेश, प्रतिषेध | २०७५/०१/५ | सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर | चन्द्र साउत | सर्वोच्च अदालत | मिति २०७५/१०/२३ र मिति २०७५/११/०८ गतेको सम्झौता, सूचनाहरू तथा अन्तरवार्ता सम्वन्धि सूचनाहरू मार्फत् छोटो अवधिको तालिम दिने गरी कुनै पनि कामकार्वाही नगर्नु नगराउनु भन्ने माग निवेदन । |
| ६. | 075-wo-0280 निषेधाज्ञायुक्त परमादेश | २०७६/०१/२२ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगर | डा. सन्तोष कुमार | उच्च अदालत, विराटनगर | पानी ट्याङ्की सम्बन्धि ई.सं. १९-०३-२०१९ को बोलपत्रको योग्यताका पूर्वशर्तहरू विभेदकारी भएको हुँदा बोलपत्र बमोजिमको काम नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने माग दावी । |
| ७. | 075-wo-0273 अधिकारपृच्छा, प्रतिषेध, उत्प्रेषण, परमादेश | २०७६/०१/२५ | प्रदेशसभा, मुख्य मन्त्रीको कार्यालय | सत्यनारायण मण्डल | उच्च अदालत, विराटनगर | नेपालको संविधानको धारा २२७ अनुसार समन्वय र सहकारिता नगरिकन धारा २२६ (२) विपरित कुनैपनि स्थानीय सरकारले शिक्षा नियमावली बनाउने अधिकार नभएको हुँदा स्थानिय व्यवस्थापिकाको काम कारवाही उत्प्रेशनको आदेशले बदर गरी पाउँ भन्ने माग । |
| ८. | 075-wo-0315 परमादेश | २०७५/०२/७<br>२०७६/०२/१५ | उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगर मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अ.बिनोद कुमार तिमल्सिना | उच्च अदालत, विराटनगर | जिम्मेवार निकाय र विपक्षीहरूको मौनताले नागरिकहरू नै प्रदुषणयुक्त वातावरणमा दैनिक जीवन व्यतित गर्न बाध्य भइरहेको हुँदा आवगमनको बैकल्पीक व्यवस्था नगरी सड्क नबिगार्न र भइरहेको निर्माण कार्य चाँडो सक्न परमादेशको आदेश जारी गरी पाउँ भन्ने माग । |
| ९. | 075-wo-0318 निषेधाज्ञायुक्त परमादेश | २०७६/०२/१५ | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अ.बिनोद कुमार तिमल्सिना | उच्च अदालत, विराटनगर | योग्यता पुगेका नागरिकको दैनिक सवारी चालक अनुमति दरखास्त लिन, बुझ्न र सर्वसुलभ ढंगबाट सवारी चालक अनुमतिपत्र वितरण गर्न साथै रिक्सा |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| | | | | | | चालक र यात्रुहरूको अनिवार्य बिमा गराई दर्ता गर्नु भन्ने माग निवेदन । |
| १०. | 075-wo-0377 परमादेश | २०७५/०३, २० २०७६/०४/६ | सामाजिक विकास मन्त्रालय/आर्थिक | कुलनाथ निङलेखु | उच्च अदालत, विराटनगर | मेरो पिताको नाममा अंश वापत पाएको जग्गामा सांस्कृतिक ग्राम स्थापनाका लागि डि.पि.आर. तयार गरी भौतिक संरचना स्थापना गर्ने सम्भावना भएको हुँदा रीट निवेदनको अन्तिम किनारा नभएसम्म कुनै काम नगर्न नगराउनु भनी अन्तरिम आदेशको माग । |
| ११. | 075-wo-1269 | २०७६/०३/३१ | आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगर | शैलेन्द्र प्रसाद हरिजन | सर्वोच्च अदालत | शैलेन्द्र प्रसाद हरीजनको माग निबेदन |
| १२. | 075-wo-1293 उत्प्रेषण परमादेश | २०७६/०२/०४ | १ नं प्रदेश प्रहरी कार्यालय | गोपाल रम्तेल | सर्वोच्च अदालत | भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी प्रहरी जवान पदबाट बर्खास्त गरेको हुँदा कारण देखाउ आदेश र मलाई बर्खास्त हुने गरी गरिएको निर्णयलाई उत्प्रेष्ण आदेश मार्फत् बदर गरी पाउँ भन्ने माग । |
| १३. | 075-wo-1372 उत्प्रेषण | २०७६/०४/२१ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. १ | अ. विष्णु प्रसाद तिमिल्सिना | सर्वोच्च अदालत | प्रस्तुत रीट निवेदनको अन्तिम आदेश नभएसम्म मिति २०७६/०३/२ मा प्रकाशित राजपत्रको आदेश कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेशको माग । |
| १४. | 075-wo-0045 उत्प्रेषण | | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. १ | अष्ट बहादुर श्रेष्ठ | सर्वोच्च अदालत | सचिवस्तरको मिति २०७६/०३/३० को निर्णयले हामीलाई पाँचौ तहको पदमा समायोजन गर्ने निर्णय लगायत, हामीलाई प्रतिकुल असर गर्ने गरी भएको यावत निर्णय एवं काम कारवाही समेत सम्पूर्णलाई उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने माग दावी |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| १५. | 076-wo-0079 उत्प्रेषणयुक्त परमादेश | ०५/०४/२०७६ ०५/०८/२०७६ | भेटेनरी तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय समेत | श्याम कुमार सुब्बा | सर्वोच्च अदालत | समायोजनको लागि ५ वर्ष पुगेपछि मात्र रा.प्र.अन. प्रथमबाट अधिकृतस्तर छैठौमा समायोजन हुनुपर्नेमा ४ वर्ष १० महिना मै अधिकृतस्तर छैठौमा समायोजन गर्ने निर्णय र पत्रहरू बदर गरी पाउँ भन्ने माग निवेदन । |
| १६. | 076-wo-0056 उत्प्रेषणयुक्त परमादेश | ०५/०५/२०७६ | जलस्रोत तथा सिंचाई विकास डिभिजन इलाम प्रदेश नं. १ | प्रयास्मा ज्ञवाली | सर्वोच्च अदालत | श्री सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचल काठमाण्डौंको मिति २०७६/०३/२२ गते १ वर्षको लागि कालो सूचीमा राख्ने निर्णयले हामीलाई अपुरनिय क्षति भएकोले जे-जस्तो अवस्थामा छ कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने माग निवेदन । |
| १७. | 076-wo-0124 उत्प्रेषण | | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. १ | बेनु प्रसाद प्रसाईं | सर्वोच्च अदालत | नेपाल सरकार मन्त्री परिषद् र कृषि तथा पशुपन्छी बिकास मन्त्रालयले मलाई प्रदेशको पदमा समायोजन गर्ने निर्णयहरू बदर गरी संघ कै निजामती सेवामा समायोजन गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने माग । |
| १८. | 076-wo-0060 उत्प्रेषण | २०७६/०६/०९ | प्रदेश नं. १, मुख्य मन्त्री तथा मन्त्री परिषदको कर्यालय, आ.+सा | कुलनाथ निङलेखु | उच्च अदालत बिराटनगर | १९७३/०२/२५ मा छिन्ती फार्से राजीनामा गरी लिएको जग्गा सांस्कृतिक ग्रामथान निर्माण गर्ने भनी DPR तयार गरी बजेट विनियोजन गर्ने निर्णय र सो निर्णयका आधारमा भएका सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशबाट बदर गरीपाउँ भन्ने माग निवेदन । |
| १९. | 074-wo-0847 उत्प्रेषण परमादेश | ०३/०८/२०७५ | प्रदेश सभा सचिवालय | अच्युत खरेल | सर्वोच्च अदालत | प्रदेश सभाका सभामुख र उपसभामुख फरक फरक दल तथा फरक फरक लिङ्गको हुनुपर्ने संवैधानिक व्यवस्था रहेता पनि नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |



Scanned with CamScanner

| क.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| | | | | | | का प्रतिनिधिहरु प्रदेश सभाका सभामुख र उपसभामुख दुवै पदमा एउटै दलको रहदा नेपालको संविधानको धारा १८२ (२) को संवैधानिक व्यवस्था विपरित भएकोले प्रदेश सभाको सभामुख र उपसभामुख पदमा भएको नियुक्ति बदर गरी अविलम्ब सभामुख र उपसभामुख फरक दल र लिङ्गको हुनेगरी निर्वाचन प्रक्रिया शुरू गर्न उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाउँ भन्ने माग दावी । |
| २०. | 076-wo-1263 परमादेश समेत | २०७६/०६/ | आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १ विराटनगर, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | अमिता गौतम पौडेल | सर्वोच्च अदालत | विश्वको सर्वोच्च शिखर सगरमाथा पर्वतारोहनका क्रममा फ्याकिएको फोहोरहरूको व्यवस्थापन प्रभावकारी हुन नसकेकोले प्रचलित कानूनलाई संशोधन तथा नयाँ ऐन ल्याएर प्रभावकारी बनाऊ आदेश जारी गरी पाउँ भन्ने माग । |
| २१. | 076-wo-0051 परमादेश | ०६/०८/२०७६ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | मिना श्रेष्ठ | उच्च अदालत | ठगी मुद्दाको प्रतिवादी पनि नरहेको अवश्थामा हाम्रो नाममा रहेको विराटनगर-१० स्थित कि.नं. १३३७ समेतको घर जग्गा रोक्का फुकुवा निकास नदिएको हुँदा फुकुवा गरी दिनु भनी विपक्षीको नाममा आदेश गरी पाउँ भन्ने माग । |
| २२. | 076-wo-0069 परमादेश | ०६/०८/२०७६ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | घनश्याम दाहाल | उच्च अदालत | विपक्षी आफैले विज्ञापन प्रकाशित गरी उम्मेदवार बोलाउने मिति २०७६/०५/१० गतेको सूचना र मिति २०७६/०५/२२ गते प्रकाशित मलाई समावेश नगरीएको अन्तरवार्ता कार्यक्रम सम्बन्धि सूचना वेरितको ठहऱ्याई सो सँग सम्बन्धित निर्णय समेत बदर गरी पाउँ भन्ने माग निवेदन । |



Scanned with CamScanner

| क.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्त |
|---|---|---|---|---|---|---|
| २३. | 076-wo-0098 उत्प्रेषण परमादेश प्रतिषेध | ०८/०४/२०७६ | आर्थिक मामिला तथा कानून मन्त्रालय | श्याम बहादुर थापा | उच्च अदालत | दोहोरो कर लिनेगरी भएको निर्णय बदर गरी ढुङ्गा गिट्टी, रोडा, बालुवा, भरौट तथा माटोको स्रोत खोलामै सङ्कलन तथा बिक्री शुल्क असुल गरी सकेपछि पुन दोहोरो कर नलिनु लिन नलगाउनु भनी आदेश जारी गरी पाउँ भन्ने माग निवेदन । |
| २४. | 076-wo-0259 उत्प्रेषण परमादेश प्रतिषेध | ०८/०५/२०७६ | मुख्य मन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, आन्तरिक मामिला | सादर सिंह लिङदेन लिम्बु | सर्वोच्च अदालत | किराँत धर्म संस्कृतिसँग जोडिएको सामाजिक साँस्कृतिक र आर्थिक विकासको लागि विशेष, संरक्षित स्वायत्त क्षेत्र साथै साँस्कृतिक तथा धार्मिक पर्यटकीय क्षेत्र घोषणा गर्न आदेश गरी पाउँ भन्ने माग दावी । |
| २५. | 076-wo-0206 उत्प्रेषण | ०८/०५/२०७६ | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय | रेवती पोखरेल | सर्वोच्च अदालत | मलाई जिल्ला अस्पताल रंगेली मोरङ्गबाट स्वास्थ्य कार्यालय तेह्रथुम समायोजन पदस्थापन गरेको कार्य कानून विपरित भएको हुँदा बदर गरी कानून बमोजिम गर्नु भनी परमादेशको आदेश जारि गरी पाउँ भन्ने माग दावी । |
| २६. | 076-wo-060 उत्प्रेषण | ०८/०५/२०७६ | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय | दिपक पौडेल | सर्वोच्च अदालत | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हामीलाई ४९ जिल्लाका स्थानीय तहमा मात्र समायोजन गर्ने सम्बन्धि मिति २०७६/०१/१५ को प्रस्ताव, मन्त्रि परिषद्को मिति २०७६/०२/१३ को निर्णय, समायोजन पत्र आदि समेतलाई बदर गरी ७७ जिल्ला कै स्थानीय तहमा समायोजन गरी पाउँ भन्ने माग । |
| २७. | 076-wo-0171 उत्प्रेषण | ०८/०५/२०७६ | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, आन्तरिक मामिला तथा | विजय कुमार भट्टराई | सर्वोच्च अदालत | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हामीलाई ४९ जिल्लाका स्थानीय तहमा मात्र समायोजन गर्ने सम्बन्धि मिति २०७६/०१/१५ |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्त |
|---|---|---|---|---|---|---|
| | | | कानुन मन्त्रालय | | | को प्रस्ताव, मन्त्रि परिषद्को मिति २०७६/०२/१३ को निर्णय, समायोजन पत्र आदि समेतलाई बदर गरी ७७ जिल्ला कै स्थानीय तहमा समायोजन गरी पाउँ भन्ने माग । |
| २८. | 076-wo-0062 उत्प्रेषण | ०७६/०८/२४ | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रेम कुमार श्रेष्ठ | सर्वोच्च अदालत | मेरो नाममा भएको जग्गा गैर सरकारी संघ संस्थाको जग्गा बिक्री सम्बन्धमा भन्ने पत्रका आधारमा मालपोत कार्यालय खाँदबारीमा रोक्का रहेको जग्गा कानुन विपरित भएको हुँदा रोक्का बदरका लागि उपयुक्त आदेश जारी गरी पाउँ भन्ने माग । |
| २९. | 076-wo-0326 उत्प्रेषण | ०७६/०८/२४ | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश १, विराटनगर | प्रफुल्ल कुमार मिश्र | सर्वोच्च अदालत | कर्मचारी समायोजन गर्दा सम्भव भएसम्म पति पत्नीलाई एकै जिल्लामा पर्ने गरी समायोजन गरिनु पर्नेमा सेवाकालको उत्तरार्धमा पती पत्नी बीचमा प्रदेश नै फरक पारी समायोजन गरिएको हुँदा उक्त निर्णय बदर गरी रौतहत जिल्ला स्वास्थ्य कार्यालय वा जिल्ला अन्तरगतको कार्यालयमा समोजन गरी पाउँ भन्ने माग । |
| ३०. | 076-wo-126/ 405 उत्प्रेषण | ०९/०३/२०७६ | घरेलु तथा साना उद्योग | खेम बहादुर बस्नेत | उच्च अदालत | विपक्षको मिलबाट निस्कासित भएको प्रदुषित धुँवा, धुलो, ध्वनीले श्वास प्रश्वासमा अवरोध र स्वास्थ्यमा समेत गम्भीर असर परेको हुँदा प्रस्तुत मुद्दामा अन्तिम टुङ्गो नलागेसम्म मिल सञ्चालन नगर्नु भनी आदेश जारी गरी पाउँ भन्ने माग । |
| ३१. | 076-wo-0152 निषेधाज्ञायुक्त परमादेश | ०९/११/२०७६ | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगर | राजेन्द्र मुसहर | उच्च अदालत | व्यक्तिको जग्गा, घर, विद्यालय आदिको क्षतिपूर्ति नदिई जनप्रतिनिधिहरूले पदको चरम दुरूपयोग गरी घर भत्काउने, जग्गामा बाटो निर्माण गर्ने |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| | | | | | | कार्य गरेको हुँदा उक्त कार्य नगर्न, नगराउनु भनी आदेश गरी पाउँ भन्ने माग । |
| ३२. | 076-wo-0171/451 निषेधाज्ञायुक्त परमादेश | १०/०८/२०७६ | भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं.१, विराटनगर | सीतादेवी तेली | उच्च अदालत | व्यक्तिको जग्गा, घर, विद्यालय आदिको क्षतिपूर्ति नदिई जनप्रतिनिधिहरूले पदको चरम दुरूपयोग गरी घर भत्काउने, जग्गामा बाटो निर्माण गर्ने कार्य गरेको हुँदा उक्त कार्य नगर्न, नगराउनु भनी आदेश गरी पाउँ भन्ने माग । |
| ३३. | 076-wo0160/440 | १०/०८/२०७६ | प्रदेश सभा सचिवालय प्रदेश नं.१ विराटनगर | उपेन्द्र मुखिया | उच्च अदालत | उपेन्द्र मुखियाको माग निबेदन । |
| ३४. | 076-wo-0429/0430 निषेधाज्ञायुक्त परमादेश | १०/१३/२०७६ | निर्देशनालय पूर्वाधार विकास कार्यालय, गाईघाट | अच्युत राज पाण्डे | सर्वोच्च अदालत | अच्युतराज पाण्डेको माग निबेदन । |
| ३५. | 075-dp-0172 हक कायम दर्ता | | जिल्ला वन कार्यालय, झापा | शुभद्रादेवी मैनाली | इलाम इजलास | रैति.नं १७ मा दर्ता रहेको साविक दर्तावाला रैतीले २०१८ सालदेखि पोत नबुझाई सरकारी पोत मौजाका जिम्मेदारी तालुकी नै रहेको जग्गा हक कायम गरी दर्ता गरी पाउँ भन्ने माग । |
| ३६. | 076-wo-0667 उत्प्रेषण | १०/२०/२०७६ | यातायात पूर्वाधार निर्देशनालय पूर्वाधार विकास कार्यालय, गाईघाट | सुलभ खनाल | सर्वोच्च अदालत | उच्च अदालत पाटनबाट गैर कानुनी र अन्यायपूर्ण कार्यलाई नजर अन्दाज गरी मिति २०७६/०४/१६ मा अन्तरिम आदेश जारी गर्न उपयुक्त नदेखिएको भनी गरेको आदेश बदर गरी अन्य काम यथास्थितिमा राख्नु अगी नबढाउनु भनी आदेश गरी पाउँ भन्ने माग । |
| ३७. | 076-wo-0668 उत्प्रेषण | १०/२०/२०७६ | यातायात पूर्वाधार निर्देशनालय पूर्वाधार विकास कार्यालय, गाईघाट | सुलभ खनाल | सर्वोच्च अदालत | उच्च अदालत पाटनबाट गैर कानुनी र अन्यायपूर्ण कार्यलाई नजर अन्दाज गरी मिति २०७६/०४/१६ मा अन्तरिम आदेश जारी गर्न उपयुक्त नदेखिएको भनी गरेको आदेश बदर गरी अन्य काम |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| | | | | | | यथास्थितिमा राख्नु अगी नबढाउनु भनी आदेश गरी पाउँ भन्ने माग । |
| ३८. | 076-wo-543 उत्प्रेषण परमादेश | ११/१३/२०७६ | सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१, विराटनगर | सुष्मा जोशी कर्मचार्य | सर्वोच्च अदालत | म सिनियर कर्मचारी हुँदाहुँदै म कार्यरत स्थानमा जुनियर कर्मचारीलाई समायोजन गर्ने मिति २०७६/०३/१ र २०७६/०५/१३ को निर्णय र पत्र बदर गरी सो सम्बन्धि थप कुनै कार्य नगर्नु नगराउनु र उल्लेखित निर्णय र पत्रको आधारमा रमाना दिई पठाउने कार्य नगर्नु नगराउनु भन्ने आदेश गरी पाउँ भन्ने माग । |
| ३९. | 076-wo-214/ 513 उत्प्रेषणयुक्त परमादेश | ११/१९/२०७६ | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगर | केशर कुमार बुढाथोकी | उच्च अदालत, विराटनगर | बोलपत्रमा एउटै ठेक्काबाट पुल र सडक निर्माण सम्पन्न गरेको शर्त राखी खास निर्माण सेवालाई ठेक्का सुम्पने गरी आह्वान गरेको बोलपत्र बदर गरी कालोपत्र पिच सडक र RCC पुलको छुट्टाछुट्टै बोलपत्र प्रकाशन गर्नु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने माग निवेदन । |
| ४०. | 076-wo-0011 उत्प्रेषण परमादेश प्रतिषेध | | भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं १, विराटनगर | अ. भोज कुमार बस्नेत | ओखलढुङ्गा इजलास | बाटो बिस्तार गर्दा दोहोरो जग्गा लिएर मात्र निर्माण र विस्तार गर्नुपर्नेमा सो नगरी हाम्रो जग्गा काटी भत्काई बाटाको जग्गामा मिलाएको अवस्थामा रिटको अन्तिम टुङ्गो नलागेसम्म बाटो निर्माण विस्तार नगर्नु नगराउनु भन्ने आदेशको माग दावी । |
| ४१. | 076-wo-0256 उत्प्रेषणयुक्त परमादेश | | जलस्रोत तथा सिंचाइ डिभिजन मोरङ्ग | राजकुमार केवट | उच्च अदालत | मैले बोलपत्र भर्दा न्यूनतम जमानत वापत बैंक ग्यारेन्टी दिएको रकम ३ दिनभित्र जफत गरी जलस्रोत तथा सिँचाई विकास डिभिजन मोरङ्गको नाममा चेक बनाई पठाउनु भन्ने उक्त कार्यालयको गैरकानुनी कार्य बदर गरी पाउँ भन्ने माग निवेदन |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्त |
|---|---|---|---|---|---|---|
| ४२. | 076-wo-0262 उत्प्रेषणयुक्त परमादेश | २०७७/०३/१० | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगर, मुख्य मन्त्रीको कार्यालय, जलस्रोत तथा सिंचाइ | हरेराम मण्डल | उच्च अदालत | म निवेदकलाई मिति २०७६/०५/२० गते भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. १ बाट उच्च अदालत विराटनगरले उपयुक्त निर्णय गर्नुभनी गरेको आदेशको भावना प्रतिकुल मिति २०७६/१२/१९ मा मुख्यमन्त्री स्तरबाट अनुपयुक्त र गैर कानुनी निर्णय गरी मेरो इमेलमा रमाना पत्र समेत प्रेसित गरेको हुँदा उक्त निर्णय बदर गरी म निवेदक कार्यरत कार्यालय मै यथावत कामकाज गर्नदिनु भन्ने आदेशको माग दावी । |
| ४३. | 076-wo-0258 उत्प्रेषण | २०७७/०३/२४ | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश नं.१ | सुमन चन्द्र कार्की | उच्च अदालत | बुढी गंगा खोला सुनसरी र मोरंग जिल्लाको सिमाना भएको हुदा दूबै तर्फको अनुमतीले मात्र योजना प्रारंभ हुनु पर्नेमा एकतर्फी रुपमा सुन्दरहरैचा नगरपालिकाको अनुमतिले प्रारम्भ गरेको योजना र निर्माण कार्य गैर कानूनी भएको हुदा बदर गरी पाउ भन्ने माग । |
| ४४. | 076-wo-0255 उत्प्रेषण परमादेश | २०७७/०३/२५ | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगर | महेन्द्र बस्नेत | उच्च अदालत | मेरो नाममा दर्ता रहेको जग्गामा मलाई मुआब्जा समेत नदिई बाटो निर्माण गर्ने गराउने निर्णय, आदेश र सो आधारमा भएका काम कारबाही बदर गरी पाउ भन्ने माग । |
| ४५. | 076-wo-1058 उत्प्रेषण | | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगर | तेज कुमार कुरुम्बाङ | उच्च आदालत | ९० दिन भित्रमा साँध सधियारको मन्जुरी लिई उधोग संचालन गर्नु वा नियमानुसार ठाउसारी गर्नु वा लगत कट्टा गराउनु अन्यथा कानून अनुसार कारबाही भै जानेछ भनी मलाई लेखिएको पत्र गैर कानूनी भएको हुदा बदर गरी पाउ भन्ने मा दाबी । |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| ४६. | 076-wo-0056 अधिकारपृच्छा, प्रतिषेध समेत | २०७७/०३/१८ | घरेलु तथा साना उद्योग कार्यालय, झापा | नागरित लाल माझी | इलाम इजलास | घरेलु तथा साना उद्योग कार्यालयको च.नं.२६३६ मिति २०७६।०९।२० र च.नं. ५०९५ मिति २०७७।०२।३०को पत्र बदर गरी मेरो उद्योग निर्बाद रुपमा संचालन गर्न दिनु भन्ने आदेश गरी पाउ भन्ने माग । |



Scanned with CamScanner

२.५ संघीय कानूनसँग सम्बन्धित काम कारबाहीमा प्रदेश सरकारसमेत विरुद्ध परेका उजुरी मुद्दाहरू

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्त |
|---|---|---|---|---|---|---|
| १. | 075-wo-0696 उत्प्रेष्ण, परमादेश | | मालपोत कार्यालय झापा समेत | भक्तराज भारती विर्तामोड-५, झापा | सर्वोच्च अदालत | प्रस्तुत हदबन्दी सम्बन्धि मुद्दामा अन्तिम किनारा नलागेसम्म विपक्ष मध्ये गिरी बन्धु टिस्टेट प्रा.लि. ले बिक्री वितरण, सट्टापट्टा वा प्लटिङ्ग वा सो जग्गामा अन्य व्यवसाय सञ्चालन गर्ने कार्य नगर्नु नगराउनु, सो गर्नका लागि कुनै पनि किसिमको सहमति स्विकृती नदिनु नदिलाउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश समेत गरी पाउँ भन्ने माग दावी । |
| २. | 075-wo-939 उत्प्रेषण, परमादेश, प्रतिषेध | २०७५/०१/५ | सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ विराटनगर | चन्द्र साउत | सर्वोच्च अदालत | मिति २०७५/१०/२३ र मिति २०७५/११/०८ गतेको सम्झौता, सूचनाहरू तथा अन्तरवार्ता सम्बन्धि सूचनाहरू मार्फत् छोटो अवधिको तालिम दिने गरी कुनै पनि कामकार्वाही नगर्नु नगराउनु भन्ने माग निवेदन । |
| ३. | 075-wo-1293 उत्प्रेषण, परमादेश | २०७६/०२/०४ | १ नं प्रदेश प्रहरी कार्यालय | गोपाल रम्तेल | सर्वोच्च अदालत | भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी प्रहरी जवान पदबाट बर्खास्त गरेको हुँदा कारण देखाउ आदेश र मलाई बर्खास्त हुने गरी गरिएको निर्णयलाई उत्प्रेष्ण आदेश मार्फत् बदर गरी पाउँ भन्ने माग । |
| ४. | 075-wo-1372 उत्प्रेषण | २०७६/०४/२१ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. १ | अ. विष्णु प्रसाद तिमिल्सिना | सर्वोच्च अदालत | प्रस्तुत रीट निवेदनको अन्तिम आदेश नभए सम्म मिति २०७६/०३/२ मा प्रकाशित राजपत्रको आदेश कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेशको माग । |



Scanned with CamScanner

| क.स. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| ५. | 075-wo-0045 उत्प्रेषण | | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. १ | अष्ट बहादुर श्रेष्ठ | सर्वोच्च अदालत | सचिवस्तरको मिति २०७६/०३/३० को निर्णयले हामीलाई पाँचौ तहको पदमा समायोजन गर्ने निर्णय लगाएत, हामीलाई प्रतिकुल असर गर्ने गरी भएको यावत निर्णय एवं काम कारवाही समेत सम्पूर्णलाई उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने माग दावी । |
| ६. | 076-wo-0079 उत्प्रेषणयुक्त परमादेश | ०५/०४/२०७६ ०५/०८/२०७६ | भेटेनरी तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय समेत | श्याम कुमार सुब्बा | सर्वोच्च अदालत | समायोजनको लागि ५ वर्ष पुगेपछि मात्र रा.प्र.अन. प्रथमबाट अधिकृतस्तर छैठोमा समायोजन हुनुपर्नेमा ४ वर्ष १० महिना मै अधिकृतस्तर छैठोमा समायोजन गर्ने निर्णय र पत्रहरू बदर गरी पाउँ भन्ने माग निवेदन । |
| ७. | 076-wo-0056 उत्प्रेषणयुक्त परमादेश | ०५/०५/२०७६ | जलस्रोत तथा सिंचाई विकास डिभिजन इलाम प्रदेश नं. १ | प्रयास्मा ज्ञवाली | सर्वोच्च अदालत | श्री सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचल काठमाण्डौले मिति २०७६/०३/२२ गते १ वर्षको लागि कालो सूचीमा राख्न गरेको निर्णयले हामीलाई अपुरनिय क्षति भएकोले जे-जस्तो अवस्थामा छ कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने माग निवेदन । |
| ८. | 076-wo-0124 उत्प्रेषण | | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. १ | बेनु प्रसाद प्रसाईं | सर्वोच्च अदालत | नेपाल सरकार मन्त्री परिषद् र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मलाई प्रदेशको पदमा समायोजन गर्ने निर्णयहरू बदर गरी संघकै निजामती सेवामा समायोजन गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने माग । |
| ९. | 074-wo-0847 उत्प्रेषण परमादेश | ०३/०८/२०७५ | प्रदेश सभा सचिवालय | अच्युत खरेल | सर्वोच्च अदालत | प्रदेश सभाका सभामुख र उपसभामुख फरक फरक दल तथा फरक फरक लिङ्गको हुनुपर्ने संवैधानिक |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| | | | | | | व्यवस्था रहेतापनि नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) का प्रतिनिधिहरु प्रदेश सभाका सभामुख र उपसभामुख दुवै पदमा एउटै दलको रहदा नेपालको संविधानको धारा १८२ (२) को संवैधानिक व्यवस्था विपरित भएकोले प्रदेश सभाको सभामुख र उपसभामुख पदमा भएको नियुक्ति बदर गरी अविलम्ब सभामुख र उपसभामुख फरक दल र लिङ्गको हुनेगरी निर्वाचन प्रक्रिया शुरू गर्न उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाउँ भन्ने माग दावी । |
| १०. | 076-wo-1263 परमादेश समेत | २०७६/०६/ | आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १ विराटनगर, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | अमिता गौतम पौडेल | सर्वोच्च अदालत | विश्वको सर्वोच्च शिखर सगरमाथा पर्वतारोहनका क्रममा फ्याकिएको फोहोरहरूको व्यवस्थापन प्रभावकारी हुन नसकेकोले प्रचलित कानूनलाई संशोधन तथा नयाँ ऐन ल्याएर प्रभावकारी बनाऊ आदेश जारी गरी पाउँ भन्ने माग । |
| ११. | 076-wo-0098 उत्प्रेषण, परमादेश, प्रतिषेध | ८/०४/२०७६ | आर्थिक मामिला तथा कानून मन्त्रालय | श्याम बहादुर थापा | उच्च अदालत | दोहोरो कर लिनेगरी भएको निर्णय बदर गरी ढुङ्गा गिट्टी, रोडा, बालुवा, भरौट तथा माटोको स्रोत खोलामै सङ्कलन तथा बिक्री शुल्क असुल गरी सकेपछि पुन दोहोरो कर नलिनु लिन नलगाउनु भनी आदेश जारी गरी पाउँ भन्ने माग निवेदन । |
| १२. | 076-wo-0259 उत्प्रेषण, परमादेश, प्रतिषेध | ८/०५/२०७६ | मुख्य मन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, आन्तरिक मामिला | सादर सिंह लिङदेन लिम्बु | सर्वोच्च अदालत | किराँत धर्म संस्कृतिसँग जोडिएको सामाजिक, साँस्कृतिक र आर्थिक विकासको लागि विशेष, संरक्षित, स्वायत्त क्षेत्र र साँस्कृतिक तथा धार्मिक पर्यटकीय क्षेत्र घोषणा गर्न आदेश गरी पाउँ भन्ने माग दावी । |



Scanned with CamScanner

| क.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| १३. | 076-wo-0206 उत्प्रेषण | ८/०५/२०७६ | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय | रेवती पोखरेल | सर्वोच्च अदालत | मलाई जिल्ला अस्पताल रंगेली मोरङबाट स्वास्थ्य कार्यालय तेह्रथुम समायोजन पदस्थापन गरेको कार्य कानून विपरित भएको हुँदा बदर गरी कानून बमोजिम गर्नु भनी परमादेशको आदेश जारि गरी पाउँ भन्ने माग दावी । |
| १४. | 076-wo-060 उत्प्रेषण | ८/०५/२०७६ | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय | दिपक पौडेल | सर्वोच्च अदालत | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हामीलाई ४९ जिल्लाका स्थानीय तहमा मात्र समायोजन गर्ने सम्बन्धि मिति २०७६/०१/१५ को प्रस्ताव, मन्त्रि परिषद्को मिति २०७६/०२/१३ को निर्णय, समायोजन पत्र आदि समेतलाई बदर गरी ७७ जिल्ला कै स्थानीय तहमा समायोजन गरी पाउँ भन्ने माग । |
| १५. | 076-wo-0171 उत्प्रेषण | ८/०५/२०७६ | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | विजय कुमार भट्टराई | सर्वोच्च अदालत | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हामीलाई ४९ जिल्लाका स्थानीय तहमा मात्र समायोजन गर्ने सम्बन्धि मिति २०७६/०१/१५ को प्रस्ताव, मन्त्रि परिषद्को मिति २०७६/०२/१३ को निर्णय, समायोजन पत्र आदि समेतलाई बदर गरी ७७ जिल्ला कै स्थानीय तहमा समायोजन गरी पाउँ भन्ने माग । |
| १६. | 076-wo-0062 उत्प्रेषण | ०७६/०८/२४ | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रेम कुमार श्रेष्ठ | सर्वोच्च अदालत | मेरो नाममा भएको जग्गा गैर सरकारी संघ संस्थाको जग्गा बिक्री सम्बन्धमा भन्ने पत्रका आधारमा मालपोत कार्यालय खाँदबारीमा रोक्का रहेको जग्गा कानुन विपरित भएको हुँदा रोक्का बदरका लागि उपयुक्त आदेश जारी गरी पाउँ भन्ने माग । |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| १७. | 076-wo-0326 उत्प्रेषण | ०७६/०८/२४ | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश १, विराटनगर | प्रफुल्ल कुमार मिश्र | सर्वोच्च अदालत | कर्मचारी समायोजन गर्दा सम्भव भएसम्म पति पत्नीलाई एकै जिल्लामा पर्ने गरी समायोजन गरिनु पर्नेमा सेवाकालको उत्तरार्धमा पती पत्नी बीचमा प्रदेश नै फरक पारी समायोजन गरिएको हुँदा उक्त निर्णय बदर गरी रौतहत जिल्ला स्वास्थ्य कार्यालय वा जिल्ला अन्तरगतको कार्यालयमा समोजन गरी पाउँ भन्ने माग । |
| १८. | 076-wo-0429/ 0430 निषेधाज्ञायुक्त परमादेश | १०/१३/२०७६ | निर्देशनालय पूर्वाधार विकास कार्यालय, गाईघाट | अच्युत राज पाण्डे | सर्वोच्च अदालत | निषेधाज्ञायुक्त परमादेश जारी गरी पाउ भन्ने अच्युच राज पाण्डेको माग । |
| १९. | 076-wo-0667 उत्प्रेषण | १०/२०/२०७६ | यातायात पूर्वाधार निर्देशनालय पूर्वाधार विकास कार्यालय, गाईघाट | सुलभ खनाल | सर्वोच्च अदालत | उच्च अदालत पाटनबाट गैर कानुनी र अन्याय पूर्ण कार्यलाई नजर अन्दाज गरी मिति २०७६/०४/१६ मा अन्तरिम आदेश जारी गर्न उपयुक्त नदेखिएको भनी गरेको आदेश बदर गरी अन्य काम यथास्थितिमा राख्नु अगी नबढाउनु भनी आदेश गरी पाउँ भन्ने माग । |
| २०. | 076-wo-0668 उत्प्रेषण | १०/२०/२०७६ | यातायात पूर्वाधार निर्देशनालय पूर्वाधार विकास कार्यालय, गाईघाट | सुलभ खनाल | सर्वोच्च अदालत | उच्च अदालत पाटनबाट गैर कानुनी र अन्यायपूर्ण कार्यलाई नजर अन्दाज गरी मिति २०७६/०४/१६ मा अन्तरिम आदेश जारी गर्न उपयुक्त नदेखिएको भनी गरेको आदेश बदर गरी अन्य काम यथास्थितिमा राख्नु अगी नबढाउनु भनी आदेश गरी पाउँ भन्ने माग । |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| २१. | 076-wo-543 उत्प्रेषण, परमादेश | ११/१३/२०७६ | सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१, विराटनगर | सुष्मा जोशी कर्मचार्य | सर्वोच्च अदालत | म सिनियर कर्मचारी हुँदाहुँदै म कार्यरत स्थानमा जुनियर कर्मचारीलाई समायोजन गर्ने मिति २०७६/०३/१ र २०७६/०५/१३ को निर्णय र पत्र बदर गरी सो सम्बन्धि थप कुनै कार्य नगर्नु नगराउनु र उल्लेखित निर्णय र पत्रको आधारमा रमाना दिई पठाउने कार्य नगर्नु नगराउनु भन्ने आदेश गरी पाउँ भन्ने माग । |
| २२. | 076-wo-1058 उत्प्रेषण | | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगर | तेज कुमार कुरुम्बाङ | उच्च आदालत | ९० दिन भित्रमा साँध सधियारको मन्जुरी लिई उधोग संचालन गर्नु वा नियमानुसार ठाउसारी गर्नु वा लगत कट्टा गराउनु अन्यथा कानून अनुसार कारबाही भै जानेछ भनी मलाई लेखिएको पत्र गैर कानूनी भएको हुदा बदर गरी पाँउ भन्ने मा दाबी । |



Scanned with CamScanner

२.६ प्रदेश कानून विरुद्ध परेका उजुरी मुद्दाहरू

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| १. | 075-wo-0052 निषेधाज्ञा, उत्प्रेषण समेत | २०७५/१२/२९ | भौतिक पूर्वाधार विकास मन्त्रालय | सकुल श्रेष्ठ | इलाम इजलास | हाम्रो स्व.बुवाको नाममा रहेको जग्गामा गैरकानुनी ढंगले हामीहरूलाई कुनै जानकारी विना मोटरेवल पुल जिप निर्माण गर्न लागेकोले उक्त गैर कानुनी कार्य नगर्नु नगराउनु भनी विपक्षीको नाममा निषेधाज्ञाको आदेश जारी गरी पाउँ भन्ने माग निवेदन । |
| २. | 075-wo-0280 निषेधाज्ञायुक्त परमादेश | २०७६/०१/२२ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगर | डा. सन्तोष कुमार | उच्च अदालत, विराटनगर | पानी ट्याङ्की सम्वन्धि ई.सं. १९-०३-२०१९ को बोलपत्रको योग्यताका पूर्व शर्तहरू विभेदकारी भएको हुँदा बोलपत्र बमोजिमको काम नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने माग दावी । |
| ३. | 075-wo-0273 अधिकारपृच्छा, प्रतिषेध, उत्प्रेषण, परमादेश | २०७६/०१/२५ | प्रदेशसभा मुख्य मन्त्रीको कार्यालय | सत्यनारायण मण्डल | उच्च अदालत, विराटनगर | नेपालको संविधानको धारा २२७ अनुसार समन्वय र सहकारिता नगरिकन धारा २२६ (२) विपरित कुनै पनि स्थानीय सरकारले शिक्षा नियमावली बनाउने अधिकार नभएको हुँदा स्थानिय व्यवस्थापिकाको काम कारवाही उत्प्रेशनको आदेशले बदर गरी पाउँ भन्ने माग। |
| ४. | 075-wo-0315 परमादेश | २०७५/०२/७ २०७६/०२/१५ | उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगर मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अ. बिनोद कुमार तिमल्सिना | उच्च अदालत, विराटनगर | जिम्मेवार निकाय र विपक्षीहरूको मौनताले नागरिकहरू नै प्रदुषणयुक्त वातावरणमा दैनिक जीवन व्यतित गर्न बाध्य भइरहेको हुँदा आवगमनको बैकल्पीक व्यवस्था नगरी सड्क नबिगार्न र भइरहेको निर्माण कार्य चाँडो सक्न परमादेशको आदेश जारी गरी पाउँ भन्ने माग । |
| ५. | 075-wo-0318 निषेधाज्ञायुक्त परमादेश | २०७६/०२/१५ | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अ. बिनोद कुमार तिमल्सिना | उच्च अदालत, विराटनगर | योग्यता पुगेको नागरीकको दैनिक सवारी चालक अनुमती दरखास्त लिन, बुझ्न सर्वशुलभ ढंगवाट सवारी चालक अनुमती पत्र वितरण गर्न साथै रिक्सा चालक र यात्रुहरुको अनिवार्य विमा गराई दर्ता गर्नु भन्ने माग दावी |



Scanned with CamScanner

| क.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्त |
|---|---|---|---|---|---|---|
| ६. | 075-wo-0377 परमादेश | २०७५/०३/२० २०७६/०४/६ | सामाजिक विकास मन्त्रालय/आर्थिक | कुलनाथ लिङलेखु | उच्च अदालत, विराटनगर | मेरो पिताको नाममा अंश वापत पाएको जग्गामा सांस्कृतिक ग्राम स्थापनाका लागि डि.पि.आर. तयार गरी भौतिक संरचना स्थापना गर्ने सम्भावना भएको हुँदा रीट निवेदनको अन्तिम किनारा नभएसम्म कुनै काम नगर्न नगराउनु भनी अन्तरिम आदेशको माग। |
| ७. | 075-wo-1269 | २०७६/०३/३१ | आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगर | शैलेन्द्र प्रसाद हरिजन | सर्वोच्च अदालत | शैलेन्द्र प्रसाद हरिजनको माग निवेदन |
| ८. | 076-wo-0060 उत्प्रेषण | २०७६/०६/०९ | प्रदेश नं. १, मुख्य मन्त्री तथा मन्त्री परिषदको कर्यालय, आ.+सा | कुलनाथ निङलेखु | सर्वोच्च अदालत | १९७३/०२/२५ मा छिन्ती फार्से राजीनामा गरी लिएको जग्गा सांस्कृतिक ग्रामथान निर्माण गर्ने भनी DPR तयार गरी बजेट विनियोजन गर्ने निर्णय र सो निर्णयका आधारमा भएका सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषण्को आदेशबाट बदर गरीपाउँ भन्ने माग निवेदन । |
| ९. | 076-wo-0051 परमादेश | ०६/०८/२०७६ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | मिना श्रेष्ठ | उच्च अदालत | ठगी मुद्दाको प्रतिवादी पनि नरहेको अवश्थामा हाम्रो नाममा रहेको विराटनगर-१० स्थित कि.नं. १३३७ समेतको घर जग्गा रोक्का फुकुवा निकास नदिएको हुँदा फुकुवा गरी दिनु भनी विपक्षीको नाममा आदेश गरी पाउँ भन्ने माग |
| १०. | 076-wo-0069 परमादेश | ०६/०८/२०७६ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | घनश्याम दाहाल | उच्च अदालत | विपक्षी आफैले विज्ञापन प्रकाशित गरी उम्मेदवार बोलाउने मिति २०७६/०५/१० गतेको सूचना र मिति २०७६/०५/२२ गते प्रकाशित मलाई समावेश नगरीएको अन्तरवार्ता कार्यक्रम सम्बन्धि सूचना वेरितको ठहऱ्याई सोसँग सम्बन्धित निर्णय समेत बदर गरी पाउँ भन्ने माग निवेदन । |

| क्र.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्तु |
|---|---|---|---|---|---|---|
| ११. | 076-wo-126/ 405 उत्प्रेषण | ०९/०३/२०७६ | घरेलु तथा साना उद्योग | खेम बहादुर बस्नेत | उच्च अदालत | विपक्षको मिलबाट निस्कासित भएको प्रदुषित धुँवा, धुलो, ध्वनीले श्वास प्रश्वासमा अवरोध, स्वास्थ्यमा समेत गम्भीर असर परेको हुँदा प्रस्तुत मुद्दामा अन्तिम टुङ्गो नलागेसम्म मिल सञ्चालन नगर्नु भनी आदेश जारी गरी पाउँ भन्ने माग । |
| १२. | 076-wo-0152 निषेधाज्ञायुक्त परमादेश | ०९/११/२०७६ | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगर | राजेन्द्र मुसहर | उच्च अदालत | व्यक्तिको जग्गा, घर, विद्यालय आदिको क्षतिपूर्ति नदिई जनप्रतिनिधिहरूले पदको चरम दुरूपयोग गरी घर भत्काउने, जग्गामा बाटो निर्माण गर्ने कार्य गरेको हुँदा उक्त कार्य नगर्न, नगराउनु भनी आदेश गरी पाउँ भन्ने माग । |
| १३. | 076-wo-0171/ 451 निषेधाज्ञायुक्त परमादेश | १०/०८/२०७६ | भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं.१, विराटनगर | सीतादेवी तेली | उच्च अदालत | व्यक्तिको जग्गा, घर, विद्यालय आदिको क्षतिपूर्ति नदिई जनप्रतिनिधिहरूले पदको चरम दुरूपयोग गरी घर भत्काउने, जग्गामा बाटो निर्माण गर्ने कार्य गरेको हुँदा उक्त कार्य नगर्न, नगराउनु भनी आदेश गरी पाउँ भन्ने माग । |
| १४. | 076-wo0160 /440 | १०/०८/२०७६ | प्रदेश सभा सचिवालय प्रदेश नं. १ विराटनगर | उपेन्द्र मुखिया | उच्च अदालत | उपेन्द्र मुखियाको माग निवेदन |
| १५. | 075-dp-0172 हक कायम दर्ता | | जिल्ला वन कार्यालय, झापा | शुभद्रादेवी मैनाली | इलाम इजलास | रैति.नं १७ मा दर्ता रहेको साविक दर्तावाला रैतीले २०१८ सालदेखि पोत नबुझाई सरकारी पोत मौजाका जिम्मेदारी तालुकी नै रहेको जग्गा हक कायम गरी दर्ता गरी पाउँ भन्ने माग । |
| १६. | 076-wo-214/ 513 उत्प्रेषणयुक्त परमादेश | ११/१९/२०७६ | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगर | केशर कुमार बुढाथोकी | उच्च अदालत, विराटनगर | बोलपत्रमा एउटै ठेक्काबाट पुल र सडक निर्माण सम्पन्न गरेको शर्त राखी खास निर्माण सेवालाई ठेक्का सुम्पने गरी आह्वान गरेको बोलपत्र बदर गरी कालोपत्र पिच सडक र RCC पुलको छुट्टाछुट्टै बोलपत्र प्रकाशन गर्नु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने माग निवेदन । |



Scanned with CamScanner

| क.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्त |
|---|---|---|---|---|---|---|
| १७. | 076-wo-0011 उत्प्रेषण, परमादेश, प्रतिषेध | | भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं १, विराटनगर | अ. भोज कुमार बस्नेत | ओखलढुङ्गा इजलास | बाटो बिस्तार गर्दा दोहोरो जग्गा लिएर मात्र निर्माण र विस्तार गर्नुपर्नेमा सो नगरी हाम्रो जग्गा काटी भत्काई बाटाको जग्गामा मिलाएको अवस्थामा रिटको अन्तिम टुङ्गो नलागेसम्म बाटो निर्माण विस्तार नगर्नु नगराउनु भन्ने आदेशको माग दावी । |
| १८. | 076-wo-0256 उत्प्रेषणयुक्त परमादेश | | जलस्रोत तथा सिंचाई डिभिजन मोरङ्ग | राजकुमार केवट | उच्च अदालत | मैले बोलपत्र भर्दा न्यूनतम जमानत वापत बैंक ग्यारेन्टी दिएको रकम ३ दिनभित्र जफत गरी जलस्रोत तथा सिँचाई विकास डिभिजन मोरङ्गको नाममा चेक बनाई पठाउनु भन्ने उक्त कार्यालयको गैरकानुनी कार्य बदर गरी पाउँ भन्ने माग निवेदन । |
| १९. | 076-wo-0262 उत्प्रेषणयुक्त परमादेश | २०७७/०३/१० | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगर, मुख्य मन्त्रीको कार्यालय, जलस्रोत तथा सिंचाइ | हरेराम मण्डल | उच्च अदालत | म निवेदकलाई मिति २०७६/०५/२० गते भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. १ बाट भएको निर्णय बदर गरी उच्च अदालत विराटनगरले उपयुक्त निर्णय गर्नुभनी गरेको आदेशको भावना प्रतिकुल मिति २०७६/१२/१९ मा मुख्यमन्त्री स्तरबाट अनुपयुक्त र गैर कानुनी निर्णय गरी मेरो इमेलमा रमाना पत्र समेत प्रेसित गरेको हुँदा उक्त निर्णय बदर गरी म निवेदक कार्यरत कार्यालय मै यथावत कामकाज गर्न दिनु भन्ने आदेशको माग दावी । |
| २०. | 076-wo-0258 उत्प्रेषण | २०७७/०३/२४ | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश नं.१ | सुमन चन्द्र कार्की | उच्च अदालत | बुढी गंगा खोला सुनसरी र मोरंग जिल्लाको सिमाना भएको हुदा दुबै तर्फको अनुमतीले मात्र योजना प्रंरभ हुनु पर्नेमा एकतर्फी रुपमा सुन्दरहरैचा नगरपालिकाको अनुमतिले प्रारम्भ गरेको योजना र निर्माण कार्य गैर कानूनी भएको हुदा बदर गरी पाउ भन्ने माग । |



Scanned with CamScanner

| क.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्त |
|---|---|---|---|---|---|---|
| २१. | 076-wo-0255 उत्प्रेषण,, परमादेश | २०७७/०३/२५ | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगर | महेन्द्र बस्नेत | उच्च अदालत | मेरो नाममा दर्ता रहेको जग्गामा मलाई मुआब्जा समेत नदिई बाटो निर्माण गर्ने गराउने निणर्य, आदेश र सो आधारमा भएका काम कारबाही बदर गरी पाउ भन्ने माग । |
| २२. | 076-wo-0056 अधिकारपृच्छा, प्रतिषेध समेत | २०७७/०३/१८ | घरेलु तथा साना उद्योग कार्यालय, झापा | नागरित लाल माझी | इलाम इजलास | घरेलु तथा साना उद्योग कार्यालयको च.नं. २६३६ मिति २०७६।०९।२० र च.नं. ५०९५ मिति २०७७।०२।३० को पत्र वदर गरी मेरो उद्योग निर्वाद रुपमा संचालन गर्न दिनु भन्ने आदेश गरी पाँउ भन्ने माग निवेदन । |



२.७ स्थानिय कानुनसंग सम्बन्धित काम कारबाहिमा प्रदेश सरकार समेत विरुद्द परेका उजुरी मुद्दाहरु विवरण

| क.सं. | मुद्दा नं. | मिती | पक्ष | विपक्षी | अदालत | रिट निवेदन/मुद्दाको विषयवस्त |
|---|---|---|---|---|---|---|
| १. | 075-wo-0166 उत्प्रेष्ण |  | कोशी गाउँपालिका | बलराम यादव | उच्च अदालत | उत्प्रेषण आदेश जारी गरी पाउँ भन्ने बलराम यादवको माग निवेदन । |
| २. | 075-wo-694 075-wo-695 उत्प्रेष्णयुक्त परमादेश | २०७५/१२/११ | दमक नगरपालिका गौरादह नगरपालिका | इन्द्र बहादुर बस्नेत समेत | सर्वोच्च अदालत | प्रस्तुत विषयमा हाम्रो जग्गा चाइना नेपाल फ्रेण्डसिप इण्डिष्ट्रयल पार्कमा परेको भनी विपक्षीहरूले प्रकाशन गरेको मिति २०७५/८/१८ गतेको सूचना कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने माग निवेदन । |

Scanned with CamScanner

## २.८ आ.व.२०७६।०७७मा फैसला भएका मुद्दाहरु

| क्र.सं. | मुद्दा नं. | दर्ता मिती | पक्ष/लिखित जवाफ ल्याउने कार्यालय | निवेदक/विपक्षी | अदालत | विषय | संक्षिप्त विवरण |
|---|---|---|---|---|---|---|---|
| १. | 075-wo-0052 | २०७५/५/३१ | आर्थिक मामिला तथा योजना मन्त्रालय | पञ्चु चौधरी | उच्च अदालत विराटनगर | उत्प्रेषन परमादेश | कृषि जन्य मालसामानको निकासी शुल्क लिन प्रदेश कानूनले जिल्ला समन्वय समितिलाई अधिकार दिएको हुदा रिट खारेज हुने । |
| २. | 075-wo-0660 | २०७५/११/१२ | फुङलिङ नगर पालिका समेत | सुभाषचन्द्र संघई | सर्वोच्च अदालत | उत्प्रेषण | |
| ३. | 075-wo-०४२ | | सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर | सन्तोष अधिकारी समेत-४ | ओखलढुङ्गा इजलास | मिश्रीत परमादेश | ओखलढुङ्गा र विद्यालय निर्माण स्थल |
| ४. | 075-wo-३२४ | २०७६/०२/२९ | डिविजन बन कार्यालय सव डिविजन बन कार्यालय उर्लाबारी | टुमनाथ निरौला | उच्च अदालत विराटनगर | निषेधाज्ञा | निवेदकको नाममा रहेको भनीएको जग्गा नै सरकारी वा निजि एकिन नभएको हुदा रिट खारेज हुने । |
| ५. | 075-wo-३२३ | २०७६/०२/२९ | जिल्ला डिविजन बन कार्यालय सव डिविजन बन कार्यालय | गुम बहादुर लिम्बु | उच्च अदालत विराटनगर | निषेधाज्ञा | निवेदकको नाममा रहेको भनीएको जग्गा नै सरकारी वा निजि एकिन नभएको हुँदा रिट खारेज हुने । |
| ६. | 075-wo-३३४ | २०७६/०२/२९ | जिल्ला डिविजन बन कार्यालय सव डिविजन बन कार्यालय | विक्रम कार्की | उच्च अदालत विराटनगर | निषेधाज्ञा | निवेदकको नाममा रहेको भनीएको जग्गा नै सरकारी वा निजि एकिन नभएको हुदा रिट खारेज हुने । |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | दर्ता मिती | पक्ष/लिखित जवाफ ल्याउने कार्यालय | निवेदक/विपक्षी | अदालत | विषय | संक्षिप्त विवरण |
|---|---|---|---|---|---|---|---|
| ७. | 075-wo-३२१ | २०७६/०२/२९ | जिल्ला डिविजन बन कार्यालय सव डिविजन बन कार्यालय | रेनुका थापा | उच्च अदालत विराटनगर | निषेधाज्ञा | निवेदकको नाममा रहेको भनीएको जग्गा नै सरकारी वा निजि एकिन नभएको हुँदा रिट खारेज हुने । |
| ८. | 075-wo-३२२ | २०७६/०२/२९ | जिल्ला डिविजन बन कार्यालय सव डिविजन बन कार्यालय | नारायण राम भट्टराई | उच्च अदालत विराटनगर | निषेधाज्ञा | निवेदकको नाममा रहेको भनीएको जग्गा नै सरकारी वा निजि एकिन नभएको हुदा रिट खारेज हुने । |
| ९. | 075-wo-००५० | | सिद्दिचरण न.पा. को कार्यालय ओखलढुङ्गा | लोक कुमारी धमला | ओखलढुङ्गा इजलास | उत्प्रेषण, मिश्रित, परमादेश | |
| १०. | 075-wo-००३६ | | सिद्दिचरण न.पा. को कार्यालय ओखलढुङ्गा, प्रमुख मोहन कुमार श्रेष्ठ प्र.प्र.अ. भोजराज खतिवडा | कल्पना मगर | ओखलढुङ्गा इजलास | उत्प्रेषण, मिश्रित, परमादेश | |
| ११. | 075-wo-१०७७ | २०७६/२/३ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | दान ब. श्रेष्ठ | सर्वोच्च अदालत | उत्प्रेषण युक्त परमादेश | |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | दर्ता मिती | पक्ष/लिखित जवाफ ल्याउने कार्यालय | निवेदक/विपक्षी | अदालत | विषय | संक्षिप्त विवरण |
|---|---|---|---|---|---|---|---|
| १२. | 076-wo-००४३ | २०७६/६/५ | डिभिजन वन अधिकृत विशाल घमिरे | सचिन साक्य | उच्च | निषेधाज्ञा | क्रसर उधोगले के मापदण्ड पुरा नगरेको हो सो पुरा गर्न लगाइ संचालन गर्न अनुमती दिने गरी परमादेशको रिट जारी। |
| १३. | 076-wo-००४४ | २०७६/६/५ | डिभिजन वन अधिकृत विशाल घमिरे | प्रकाश खड्गी | उच्च | निषेधाज्ञा | क्रसर उधोगले के मापदण्ड पुरा नगरेको हो सो पुरा गर्न लगाइ संचालन गर्न अनुमती दिने गरी परमादेशको रिट जारी। |
| १४. | 076-wo-००४५ | २०७६/६/५ | डिभिजन वन अधिकृत विशाल घमिरे | पंकज शाक्य | उच्च | निषेधाज्ञा | क्रसर उधोगले के मापदण्ड पुरा नगरेको हो सो पुरा गर्न लगाइ संचालन गर्न अनुमती दिने गरी परमादेशको रिट जारी। |
| १५. | 076-wo-००४६ | २०७६/६/५ | डिभिजन वन अधिकृत विशाल घमिरे | ववि कुमार राई | उच्च | निषेधाज्ञा | क्रसर उधोगले के मापदण्ड पुरा नगरेको हो सो पुरा गर्न लगाइ संचालन गर्न अनुमती दिने गरी परमादेशको रिट जारी। |
| १६. | 076-wo-११४ | ०७६/८/११ | जलस्रोत तथा सिंचाई विकास डिभिजन मोरङ्ग | देवनन्दन मण्डल | उच्च | उत्प्रेषण युक्त परमादेश | निवेदकको निवेदन माथी सुनुवाई गर्न परमादेश जारी हुने, मुख्यमन्त्री तथा मंत्रीपरिषदको कार्यालयले निर्णय उपर छानविन गरी वदर गर्न वा निर्देशन दिन सक्ने नै भएकोले उत्प्रेषणको आदेश जारी गर्न नपर्ने । |
| १७. | 076-wo-११५ | ०७६/८/११ | जलस्रोत तथा सिंचाई विकास डिभिजन मोरङ्ग | हरेराम मण्डल | उच्च | उत्प्रेषण युक्त परमादेश | निवेदकको निवेदन माथी सुनुवाई गर्न परमादेश जारी हुने, मुख्यमन्त्री तथा मंत्रीपरिषदको कार्यालयले निर्णय उपर छानविन गरी वदर गर्न वा निर्देशन दिन सक्ने नै भएकोले उत्प्रेषणको आदेश जारी गर्न नपर्ने । |



Scanned with CamScanner

| क्र.सं. | मुद्दा नं. | दर्ता मिती | पक्ष/लिखित जवाफ ल्याउने कार्यालय | निवेदक/विपक्षी | अदालत | विषय | संक्षिप्त विवरण |
|---|---|---|---|---|---|---|---|
| १८. | 076-wo-०१२३ /४०१ | २०७६/९/२ | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्र.१ विराटनगर | कमल वहादुर श्रेष्ठ | उच्च | उत्प्रषण परमादेश | सडकको क्षेत्रधिकार भन्दा बढी चौडाई कायम गरी सडकको स्तररोन्तरी गर्न जग्गा धनीको रित पूर्वकको सहमती आवश्यक पर्ने, सहमती नभए क्षतिपूर्ती दिनु पर्ने भएको हुदा रिट जारी हुने । |
| १९. | 076-wo-०१२२ /४०० | २०७६/९/२ | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्र.१ विराटनगर | रमेश तामाङ्ग | उच्च | उत्प्रषण परमादेश | सडकको क्षेत्रधिकार भन्दा बढी चौडाई कायम गरी सडकको स्तररोन्तरी गर्न जग्गा धनीको रित पूर्वकको सहमती आवश्यक पर्ने, सहमती नभए क्षतिपूर्ती दिनु पर्ने भएको हुदा रिट जारी हुने । |
| २०. | 076-wo-०१४० | ०६/०१/ २०७६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं. १ | ओम कुमार राई | सर्वोच्च | उत्प्रषण परमादेश | |
| २१. | 076-wo-००१३ | ०९/०६/ २०७६ | डिभिजन वन कार्यालय, खोटाङ्ग | देवीप्रसाद खतिवडा | ओखलढुङ्गा इजलास | उत्प्रेषण, मिश्रित, परमादेश | वन सम्बन्धी |
| २२. | 076-wo-०१६७ /४४६ | १०/८/ २०७६ | आर्थिक मामिला तथा योजना मन्त्रालय र खानेपानी तथा सरसफाई डिभिजन इटहरी-३ | पुष्पराज अधिकारी | उच्च अदालत | उत्प्रषण परमादेश | कर्मचारी समायोजन गरी आवश्यकताको आधारमा कमकाज गर्न खटाउदा सरुवा हुने समयावधी अगावै खटाउनु परेमा कारण र काम स्पष्ट खुलाउनु पर्ने हुँदा परमादेशको आदेश जारी हुने । |



Scanned with CamScanner

## २.९ प्रदेश सरकार पक्षभई चलेको मुद्दा सम्बन्धी विवरण

नेपालको संविधानको धारा १६० (७) मा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने भनिएको छ । मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ बमोजिम कुनै अदालत वा अर्ध न्यायिक निकाय समक्ष प्रदेश सरकारको तर्फबाट निवेदन पुनरावेदन र पुनरावलोकन गर्ने अधिकार मुख्य न्यायाधिवक्तालाई हुने व्यवस्था गरेको छ । सो अनुसार आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकार पक्ष भई कुनै विषयको मुद्दा दायर गर्ने निर्णय भएको छैन ।

## २.१० मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पन्न गरिएका अन्य कार्यक्रमहरु

| क्र.स. | मिति | कार्यक्रम र अन्तक्रिया | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | २०७६/९/२२ र २३ | न्यायिक समितिहरु संग अन्तरक्रिया कार्यक्रम | इलाम | |
| २ | २०७६/११/०६ र ०७ | न्यायिक समितिहरु संग अन्तरक्रिया कार्यक्रम | उदयपुर | |
| ३ | २०७६/११/१६ र १७ | न्यायिक समितिहरु संग अन्तरक्रिया कार्यक्रम | तेह्रथुम, धनकुटा | |
| ४. | २०७६/११/३० र २०७६/१२/१ | न्यायिक समितिहरु संग अन्तरक्रिया कार्यक्रम | मोरङ | |

## २.११ समन्वय

नेपालको संविधानको धारा १६० (१) मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता को कार्यालय रहने छ भन्ने उल्लेख भएको साथै सोही धाराको उपधारा (६) मा मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरूको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने व्यवस्था छ ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ मा महान्यायाधिवक्ताले मुख्य न्यायाधिवक्तालाई संविधान र प्रचलित प्रदेश कानूनको कार्यान्वयनको सम्बन्धमा आवश्यक सुझाव वा मार्ग निर्देशन दिन सक्ने छ। उक्त निर्देशनको पालना गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था छ । उल्लेखित संविधान तथा ऐनमा भएका प्रावधानहरूबाट यी दुई संवैधानिक निकायहरू बीच आपसी समन्वय र सहकार्यको काम गर्नुपर्ने भएबाट यो दुई संवैधानिक निकाय बीच आपसि सहमति समन्वयका माध्यमबाट सुमधुर सम्बन्ध सिर्जना हुने अवस्था देखिन्छ ।

## २.१२ मुख्य न्यायाधिवक्ताको अन्य भूमिका

१. समन्वय समितिको संयोजक : फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ३८ को उपदफा (२) मा प्रोवेशन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश कानून मन्त्रालयको सचिव, प्रदेश गृह मन्त्रालयको सचिव, प्रदेश प्रहरी प्रमुख, समेत रहेको प्रदेश प्रोवेशन तथा प्यारोल वोर्ड गठन हुने व्यवस्था छ ।

२. कानूनको मसौदा समितिको सदस्य : प्रदेश न.१ को कानून मसौदा समितिमा मुख्य न्यायाधिवक्तालाई कानूनको विशेषज्ञको रुपमा समितिमा राख्ने निर्णय मन्त्रिपरिषदबाट भएको छ ।



Scanned with CamScanner

परिच्छेद ३

# निष्कर्ष तथा सुझाव

## ३.१ मुख्य न्यायाधिवक्ताको कार्यालयका सवल र दुर्वल पक्ष

नेपालको संविधानमा सर्वप्रथम मुख्य न्यायाधिवक्ताको अवधारणा स्थापित भई प्रदेश न. १ मा मुख्य न्यायाधिवक्ताको कार्यालयले कार्य संचालन गरी रहेकोमा यस कार्यालयसँग सम्बन्धित आन्तरिक र वाह्य वातावरण एवं वस्तु स्थिति विश्लेषण गर्दा देहायका सवल र दुर्वल पक्षहरू देखिएका छन् ।

### क) सवल पक्षहरू

क) मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्नुपर्ने काम, कर्तव्य र अधिकार सम्बन्धी ऐन, १ नं. प्रदेश सभाबाट पारित भएको छ ।

ख) स्वीकृत दरबन्दी अनुसार सरकारी वकिलहरू सम्मिलित भएको कार्यालय सञ्चालनमा आएको छ।

ग) मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएपछि प्रदेशका मुख्यमन्त्री, मन्त्रिपरिषदका सदस्यहरू तथा प्रदेश सरकारले तोकिदिएको सरकारी निकाय र अन्य अधिकारीहरूलाई सहज रुपमा कानूनी राय सल्लाह प्राप्त गर्ने अवस्था बनेको छ ।

घ) प्रदेश सरकार विरुद्ध परेका रीट निवेदनहरूमा सर्वोच्च अदालत एवम् उच्च अदालतमा प्रदेश सरकारको प्रतिनिधित्व भएको छ।

ङ) प्रदेश क्षेत्रभित्र कानूनी शासनको जग बसाउनमा मुख्य न्यायाधिवक्ता र सो कार्यालयका सरकारी वकीलबाट महत्वपूर्ण भूमिका रहने स्थिति बनेको छ।

च) मुख्य न्यायाधिवक्तालाई आवश्यक पर्ने सवारी साधन, कार्यालयलाई आवश्यक पर्ने पुस्तक, फर्निचर र मेशिनरी सामान खरीद भएका छन ।

छ) मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश सरकार र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीहरूलाई राय सल्लाह दिने अधिकार देशको मुल कानूनमा नै सुनिश्चित गरिएको अवस्था छ।

ज) फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ को उपदफा (२) ले प्रोवेशन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश प्रोवेशन तथा प्यारोल वोर्डको व्यवस्था गरिए बमोजिम प्रोवेशन तथा प्यारोल वोर्डको गठन भएको छ ।

झ) प्रदेश सरकारबाट निस्तता हुने कामकारवाही कानूनी शासनको मान्यता र विधिमा आधारीत हुने भएका छन।

ञ) संविधानले व्यवस्था गरेको सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्दान्तलाई कानूनी क्षेत्रमा मुख्य न्यायाधिवक्ताको कार्यालयले विशेष भूमिका निर्वाह गरेको छ ।



Scanned with CamScanner

ट) स्थानीय निकायहरूमा समेत कानून कार्यान्वयन, प्रयोग र प्रतिनिधित्वमा सहज पँहुच प्राप्त भएको छ ।

ठ) प्रदेश सरकार अन्तर्गतका मन्त्रालय, निकाय, विभागमा कानूनी प्रश्नहरूमा समन्वय, सहयोग प्राप्त भएको छ ।

ड) न्यायिक वा अर्ध न्यायिक निकायहरूमा प्रदेश सरकारको प्रतिनिधित्व भएको छ ।

## ख) दुर्वल पक्षहरू

मुख्य न्यायाधिवक्ताको कार्यालयले सामना गर्नु परेका चुनौती र समस्याहरू मध्ये कतिपय समस्याहरू बाह्य वातावरणले सिर्जना गरेका छन्, कतिपय संस्थागत संरचनाबाट सिर्जित भएका छन् भने कतिपय समस्याहरू नीतिगत छन् । जसलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ :-

क) महान्यायाधिवक्ताको मातहतमा रहने मुख्य न्यायाधिवक्ताको कार्यालयमा प्रदेश क्षेत्र अन्तर्गतमा घट्ने फौजदारी मुद्दाहरूको अभियोजन गर्ने नगर्ने भन्ने अधिकारको संवैधानिक स्पष्टता हुनु नसकेको हुदाँ कार्यमा द्विविधा परेको छ।

ख) प्रदेशले निर्माण गरेका कानूनहरूको कार्यान्वयन गर्ने संयन्त्र वा अधिकारीहरूको प्रष्ट व्यवस्था नहुँदा प्रदेश स्तरीय कानूनको कार्यान्वयन गर्नमा कठिनाई छ ।

ग) मुख्य न्यायाधिवक्ताको कार्यालय तथा मुख्य न्यायाधिवक्ताले के-कस्तो काम गर्दछ भन्ने बारेमा आम जनताहरू जानकारी भईसकेका छैनन् त्यसैले पर्याप्त जनताले सेवा पाउन सकेका छैनन् ।

ङ) मुख्य न्यायाधिवक्ताको आफ्नै भवन नभएकोले कार्य वातावरण सहज छैन ।

घ) मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि विशिष्टिकृत कार्यक्रमहरू सञ्चालन हुन नसकेको, थप सुविधाको व्यवस्था नभएको र अध्ययन भ्रमणको अवसर समेत छैन ।

## ३.२ निष्कर्ष

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायपालिका र कानूनी शासन प्रति प्रतिबद्धता व्यक्त गरेको छ । कानूनी शासनको स्थापनाका लागि स्वतन्त्र, सक्षम र प्रभावकारी फौजदारी न्याय प्रशासन आवश्यक पर्ने हुदाँ संविधानले तीन तहको सरकारको परिकल्पना गरेको छ । प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट सरकारको प्रतिनिधित्व गर्ने कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष प्रदेश सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक निकायको आदेशबाट प्रदेश सरकारको हक हितमा प्रतिकूल असर परेमा प्रदेश सरकारको तर्फबाट निवेदन, पुनरावेदन वा पुनरावलोकन पेश गर्ने, प्रदेश सरकार विरुद्ध दायर भएका मुद्दामा प्रतिरक्षा गर्ने, अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र प्रदेश सरकार र प्रदेश सरकारी निकायलाई संवैधानिक एवं कानूनी प्रश्नमा कानूनी राय उपलब्ध गराउने समेतको काम, कर्तव्य र अधिकार कानूनले तोकेअनुसार भइरहेको अवस्था छ ।

प्रदेश सभाबाट नयाँ कानूनहरूको निर्माण हुने क्रम जारी छ सोही कानून अनुरुप मुख्य न्यायाधिवक्ता तथा मुख्य



Scanned with CamScanner

न्यायाधिवक्ताको कार्यालयले पूर्व तयारी र थप क्रियाशिलता देखाउनु पर्ने अवस्था छ । यसका लागि पर्याप्त साधन र जनशक्ति उपलब्धता एवं कार्यविधिगत व्यवस्थाहरूलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ ।

आफ्नो स्थापनाको छोटो समयमा नै मुख्य न्यायाधिवक्ताको कार्यालयले आफ्नो संस्थागत विकास, संवैधानिक र कानूनी रूपमा सम्पादन गर्नुपर्ने कार्यालयको प्रभावकारी कार्य सम्पादन गर्दै आफूलाई एक सबल संस्थाको रूपमा स्थापीत गर्दै लगेको भएता पनि यस कार्यालयले संविधान र कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्दा देहायका चुनौतिहरू देखा परेका छन :-

- कार्यालयले हाल प्रयोग गरिरहेको भवन हुलाक निर्देशनालयको हुँदा कार्य वातावरण सहज नरहेको ।
- यस कार्यालयको कार्यबोझका आधारमा नयाँ दरबन्दी स्वीकृत हुन नसकेको एवं स्वीकृत दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति हुन समेत नसकेको ।
- कानूनी राय माग गर्दा अपनाउनुपर्ने प्रक्रिया पूरा नगरी मौखिक रूपमा राय माग गर्ने परीपाटीले कानूनी राय र अभिलेख प्रणाली व्यवस्थापन गर्न कठिनाई परेको ।
- महान्यायाधिवक्ताको कार्यालयका अन्य समकक्षी कर्मचारीहरूको तुलनामा अवसर र सुविधा न्यून भएको महसुस गरिएकोले यस कार्यालयमा अनुभव प्राप्त गरेका सरकारी वकिलहरूलाई यस कार्यालयमा राखिराख्न समस्या परेको ।
- सर्वोच्च अदालत र अन्य अदालतमा यस कार्यालय मार्फत् पेश गर्नुपर्ने लिखित जवाफहरू प्राप्त हुने क्रम बढ्दो रूपमा रहेको हुँदा लिखित जवाफ दर्ता गर्न र प्रतिरक्षा गर्न सर्वोच्च अदालत उच्च अदालत बिराटनगर, उच्च अदालत विराटनगर इलाम इजलास, धनकुटा इजलास, ओखलढुङ्गा इजलास र प्रदेश भित्रका जिल्ला अदालत रहेका स्थानमा यस कार्यालयको कुनै संरचना नरहेको हुँदा कार्य सम्पादनमा कठिनाई परेको ।
- सम्बन्धित निकायहरूले यस कार्यालयमा लिखित जवाफ पेश गर्दा मुद्दा, रिट सँग सम्बन्धित प्रमाण लाग्ने कागजात लिखित जवाफ साथ नपठाउँदा बहस, पैरवी र प्रतिरक्षामा समस्या परेको ।
- प्रदेशभित्र रहेको उच्च सरकारी वकिल कार्यालय र जिल्ला सरकारी वकिल कार्यालयसँग कुनै औपचारिक सम्बन्ध स्थापित नभएकोले सम्बन्ध र समन्वय व्यक्तिगत स्तरमा मात्र रहेको
- व्यापकरूपमा फैलिएको कोभिड-१९ को महामारी र यसका कारण भएको बन्दाबन्दीका कारणले गर्दा यस आर्थिक वर्षमा गर्ने भनी वार्षिक कार्यक्रममा समाविष्ट कतिपय कार्यक्रमहरू कार्यान्वयन गर्न नसकिएको ।

## ३.३ सुझावहरू:

नेपालको संविधानले देशलाई संघीयतामा अवतरण गराई सकेपछि प्रदेश तहमा समेत उक्त संविधानको मर्म वमोजिम कानूनको शासन र संवैधानिक सर्वोच्चता कायम राख्दै प्रदेश स्तरमा मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएको छ। मुख्य न्यायाधिवक्ताको कार्यालयको काम कारवाहीको अभ्यास छोटो समय कै भएपनि केहि सारभूत र भौतिक समस्याबाट यो कार्यालय समेत अछुतो छैन । छोटो समयमा पनि यस कार्यालयको गरिमा अभिवृद्धिको लागि निम्न सुझाव दिनु सान्दर्भिक हुनेछ।



Scanned with CamScanner

१. मुख्य न्यायाधिवक्ताको कार्यालय स्थायी प्रकृतिको कार्यालय हुने भएकाले आवश्यक आफ्नै जग्गा, घर नभएको, भौतिक स्रोत साधनहरूको कमी रहेकोले सो तर्फ पहल हुनुपर्ने देखिन्छ ।

२. नेपालको संविधानले मुख्य न्यायाधिवक्तालाई महान्यायाधिवक्ता मातहत राखेकोमा मुख्य न्यायाधिवक्ता माथि महान्यायाधिवक्ताको प्रशासनिक वा न्यायिक कस्तो प्रकारको मातहत हो स्पष्ट हुन नसकेको र कुनै अधिकार प्रत्यायोजन नभएको स्थितिमा सो विषयहरू निक्योल हुनु जरूरी देखिन्छ।

३. मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारी व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुने संवैधानिक प्रावधान रहेको हुदाँ आफ्नो मातहत रहने कार्यालयका कर्मचारी र भविष्यमा उच्च अदालतका इजलास मुकाम रहेको कार्यालयमा कार्यरत कर्मचारीहरूको मुख्य न्यायाधिवक्ता प्रति जवाफदेही गराउने प्रावधान नहुदाँ सो तर्फ आवश्यक नीति र संघीय ऐनहरूमा व्यवस्था हुनु पर्ने देखिन्छ । साथै मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारी व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुने संवैधानिक प्रावधान रहेकोमा दरवन्दी ओ.एन.एम. हुँदा प्रशासन तर्फका कर्मचारीहरुको पनि दरवन्दी सिर्जना गरीएको हुँदा कानूनले स्पष्ट गर्नु पर्ने देखिन्छ ।

४. मुख्य न्यायाधिवक्ताको कर्मचारी दरबन्दी तथा पदपूर्तिको स्थिति हेर्दा मानव संसाधन योजनामा समूचित ध्यान पुग्न सकेको छैन । मुख्य न्यायाधिवक्तालाई संविधान र ऐन कानूनले दिएको जिम्मेवारी प्रभावकारी रुपले निर्वाह गर्न जिम्मेवारी र कार्यबोझका आधारमा मानव संसाधन योजना निर्माण गरी लागू गर्न जरुरी छ ।

५. स्थानीय सरकारमा न्यायिक समितिले न्यायिक कार्य गर्न पाउने संवैधानिक व्यवस्था अनुरुप प्रदेश सरकारको मुख्य न्यायाधिवक्ता र सो मातहतका निकायले के कसरी समन्वय सहकार्य गर्न सकिन्छ, सो सम्बन्धमा स्पष्टता नभएको र स्थानिय न्यायिक समिति वा स्थानीय सरकारका काम कारवाही समेत न्यायिक परिक्षणका विषय हुन सक्ने र त्यस्ता काम कारवाहीका सम्बन्धमा मुख्य न्यायाधिवक्ता र कार्यालयको भूमिकाबारे स्पष्टता हुनु पर्ने देखिन्छ।

६. फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ दफा ३८(२) अनुसार मुख्य न्यायाधिवक्ताबाट प्रदेश स्तरीय प्यारोल र प्रोवेशन वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षण हुने हुँदा सो सम्बन्धि कार्यविधि निर्धारण गर्नुपर्ने देखिन्छ ।

७. प्रदेश तहका फौजदारी न्याय प्रणालीसँग जोडिएका मुद्दामा मुख्य न्यायाधिवक्ताको भूमिकालाई स्पष्ट गरिनुपर्ने आवश्यकता देखिन्छ ।

८. उच्च अदालत, जिल्ला अदालत लगायत प्रदेश निकायका अर्धन्यायिक निकाय एवं न्यायिक निकायसँग समन्वयमा सम्पर्क स्थापित गर्न, भरपर्दो संयन्त्रको आवश्यकता देखिन्छ ।

९. संविधान बमोजिम निर्माण हुने प्रदेश न्याय सेवा आयोगमा मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुनुपर्ने देखिन्छ ।

१०. प्रदेश प्रहरी प्रशासन, शान्ति सुरक्षा र अनुसन्धान ब्युरो प्रदेशको एकल अधिकारका रुपमा संविधानको अनुसूची (६) मा उल्लेख भएकोले त्यस्तो संरचनामा समन्वय र सहकार्यका लागि मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुन जरुरी छ ।

११. प्रदेशसभा कानून निर्माण सभा पनि भएकोले दण्डनीय कानून बनाउन सक्छ र प्रदेश सरकारले प्रदेशभित्र



Scanned with CamScanner

प्रशासन, शान्ति सुरक्षा र कानूनी राज्यप्रतिको जवाफदेहिता वहन गर्नुपर्ने भएकोले निर्मित कानून लागु गर्नुपर्ने हुन्छ । त्यस्ता कार्यका लागि मुख्य न्यायाधिवक्तालाई हाल प्रचलनमा रहेको कानूनमा संसोधन गरी संविधानले परिकल्पना गरे बमोजिम जिम्मेवारी निर्धारण गर्न आवश्यक रहेको छ ।

१२. सङ्घीय शासन व्यवस्थालाई आत्मसात गर्दै मुख्य न्यायाधिवक्ताको कार्यालय प्रदेश सरकार प्रति पूर्ण रूपमा उत्तरदायी रही प्रभावकारी रूपमा कार्यसम्पादन गर्न सक्षम निकायका रूपमा विकास गर्नका लागि मुख्य न्यायाधिवक्ताको कार्यालयलाई महान्यायाधिवक्ताको मातहत रहने व्यवस्थाको पुनरविचार गर्नुपर्ने देखिन्छ । मुख्य न्यायाधिवक्ताको कार्यालय महान्यायाधिवक्ताको कार्यालयबाट व्यवस्थापन हुने विषयमा स्पष्टता ल्याई प्रदेश सरकारले कर्मचारीको व्यवस्था नगरेसम्मको लागि महान्यायधिवक्ताको कार्यालयले कर्मचारी खटाउने व्यवस्था गरिनु उपयुक्त हुने देखिएता पनि मुख्य न्यायाधिवक्ताको कार्यालयलाई पूर्णरूपमा स्थापित गरिनु उचित हुने देखिन्छ ।

१३. फौजदारी न्याय प्रणालीमा मुख्य न्यायाधिवक्ताको भूमिका समन्वयात्मक किसिमले स्पष्ट बनाउनु पर्ने देखिन्छ ।

१४. प्रदेश कानुन बमोजिम अपराध अनुसन्धान, अभियोजन, मुद्दाको कारबाही एवं प्रदेश कानून प्रचनलका लागि प्रदेश प्रहरीसँग आवश्यक समन्वयात्मक भूमिका स्पष्ट हुनुपर्ने देखिन्छ ।

१५. कोभिड-१९ को महामारी कति समयसम्म रहिरहने हो र यसको प्रभाव कतिमात्रामा पर्ने हो भन्ने यकिन गर्न नसकिने परिस्थिती रहेकोले यस कार्यालयको वार्षिक कार्यक्रममा परेका गोष्ठी, तालिम सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम प्रत्यक्ष रूपमा उपस्थित भई सञ्चालन गर्न असहज हुने भएकोले त्यस्ता कार्यक्रम विद्युतीय माध्यमबाट सञ्चालन गर्नको लागि आवश्यक प्रबन्ध गर्नुपर्ने देखिन्छ ।



Scanned with CamScanner



**राजेन्द्र भट्टराई**
उप-सचिव



**रेनुका राई**
शाखा अधिकृत



**रेवती सुवेदी**
शाखा अधिकृत



**राजकुमार राई**
अधिकृत छैठौं



**लक्ष्मी पोखरेल**
अधिकृत छैठौं



**हरि कुमार पोखरेल**
स्वकिय सचिव



**गंगा खतिवडा**
कम्प्यूटर अपरेटर



**संजीव कुमार कटुवाल**
स.ह.चा.



**गोविन लिम्बु**
स.ह.चा.



**चन्द्र दाहाल**
का.स.



**सरस्वती राजवंशी**
का.स.



**विजय हरिजन**
सरसफाई

Scanned with CamScanner

## नगरपालिका/गाँउपालिकाका न्यायिक समितिहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम
## इलाम




## नगरपालिका/गाँउपालिकाका न्यायिक समितिहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम
## इलाम



Scanned with CamScanner

नगरपालिका/गाँउपालिकाका न्यायिक समितिहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम
उदयपुर




नगरपालिका/गाँउपालिकाका न्यायिक समितिहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम
उदयपुर




Scanned with CamScanner

## नगरपालिका/गाँउपालिकाका न्यायिक समितिहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम
## धनकुटा




## नगरपालिका/गाँउपालिकाका न्यायिक समितिहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम
## धनकुटा



Scanned with CamScanner

नगरपालिका/गाँउपालिकाका न्यायीक समितिहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम
मोरङ्ग



नगरपालिका/गाँउपालिकाका न्यायीक समितिहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम
मोरङ्ग



Scanned with CamScanner

## योजना तर्जुमा, राजश्व, अनुगमन तथा न्यायीक प्रशिक्षण कार्यक्रम
## मोरङ्ग



## मुख्य न्यायाधिवक्ताहरुको अनुभव आदानप्रदान तथा छलफल कार्यक्रम
## बारा




Scanned with CamScanner